वास्तुकलाका भेद धेरै छन्। यीमध्ये देवीदेवताका प्रतिमाहरू प्रतिस्थापन गर्नका निम्ति निर्माण गरिएका मन्दिरलाई धार्मिक वास्तुकला भनिन्छ। मन्दिर निर्माण गर्ने परम्परा पनि निकै पुरानो हो। सिन्धुघाटी सभ्यताको उत्खनन्बाट प्राप्त देवप्रतिमाहरू कुनै पवित्र मन्दिरमा प्रतिस्थापन गरिएको हुनुपर्दछ। वैदिक सभ्यताभन्दा अघि नै मूर्तिपूजा आरम्भ भइसकेको हो भने निश्चित रुपमा देवप्रतिमा प्रतिस्थापन गर्नका लागि त्यसैबेला देखि मन्दिर निर्माण गर्न थालिएको अनुमान गर्न सकिन्छ। वैदिक साहित्यपछि विशेषगरी महाकाब्य एवम् कौटिल्यको अर्थशास्त्रमा मन्दिरको पर्यायवाची शब्दका रुपमा देवालय, देव, देवकुल, देवागार, देवतायतन, देवस्थान आदि जस्ता अनेक शब्दहरूको प्रयोग मिल्दछ।[८] दक्षिण भारतका केही ग्रन्थहरूमा मन्दिर बुझाउन विभान, हर्म्य, प्रासाद जस्ता शब्दको समेत प्रयोग हुने गरेको पाइन्छ।[९] काठमाण्डौं उपत्यकामा देवीदेवताहरूका प्रतिमाहरूलाई पवित्र स्थानमा प्रतिस्थापन गर्ने ध्येयले प्राचीनकालदेखि नै मन्दिर निर्माण गर्ने कार्यको थालनी भइसकेको विषयलाई ऐतिहासिक प्रमाणहरूले पुष्टि गरेका छन्। भौगोलिक विषमता, वातावरणीय पार्थक्य, कच्चा पदार्थको उपलब्धता जस्ता कारणहरूले गर्दा मन्दिर निर्माण गर्ने शैलीमा भने समानता पाउन सकिदैन यसतै अवस्था पश्चिम नेपालका विभिन्न ठाउँमा पाइने मन्दिर वास्तुशैलीमा देख्न पाइन्छ। नेपालका मन्दिर वास्तुरचनालाई सामान्यतया शिखरशैली, छत्रेशैली र मण्डप एवम् सपाट वा गुम्वज गरी तीन प्रकारमा विभाजन गर्न सकिन्छ।[१०] यद्यपि P. Brown ले भने धार्मिक सम्प्रदायसँग सम्बन्धित नेपालका स्मारकहरू शिखर एवम् पगोडा शैली गरी दुई किसिमका गरी विभाजन गरेका पाइन्छ।[११] यी शैलीहरू मध्ये हामीकहाँ छत्रे र शिखरशैलीको लोकप्रियता तुलनात्मक रुपमा बढी छ। विशेषगरी काठमाडौं उपत्यकामा छत्रेशैली र पश्चिम नेपालमा शिखर वास्तुरचनाले बढी महत्व पाउन गएको देखिन्छ।

## ४. शिखर वास्तुशैली

माथि उल्लिखित मन्दिर वास्तुरचनाका तीन भेदहरू मध्ये शिखर वास्तुशैलीको महत्व आफ्नै किसिमको छ। यो वास्तुर चनालाई इण्डोआर्यन, गन्धकूट देवक वास्तुशैलीका साथै नेपालीमा मन्दिरोपौ मन्दिर उपनामले पनि पहिचानिन्छ।[१२] शिखर शब्द संस्कृत शब्द हो। जुन शब्दले टुप्पो वा चुचुरो बुझाउँदछ। नेपाली शब्दकोशमा पहाड पर्वतको सबभन्दा माथिल्लो भाग, चुचुरो चुली, घरमन्दिर आदिको सबभन्दा माथिल्लो भाग भनेर शिखर शब्दको अर्थ गरिएको छ।[१३] यसर्थ पहाडको चुचुराजस्ता उँभोतर्फ साँघुरिदै र चुचिँदै गएका वास्तुरचनाले शिखरशैलीको नाम प्राप्त गरेको हुनसक्दछ। शिखर शब्दको पर्यायवाची रुपमा श्रृंङ्ग वा सिंङ शब्दको प्रयोग पनि हुने गर्दछ। जनावरका सिंग जस्तै तलबाट माथि क्रमशः साँघुरिदै वा चुलिँदै गएको वास्तुशैलीलाई शिखर वास्तुशैली भनिएको हुनुपर्दछ। जे होस् अधिकमात्रामा प्रस्तर एवम् ईँटको प्रयोग गरी निर्माण गरिएका छत्रविहीन तलबाट माथि सानो र चुच्चो हुदै गएको शैलीलाई शिखर वास्तुशैली भन्न सकिन्छ र शिलपशास्त्रहरूले हिमालयदेखि विन्ध्याञ्चलसम्म यस शैलीका मन्दिरहरूको निर्माण गर्नुपर्नेतर्फ निर्देश गरेका छन्।[१४]

## ५. शिखरशैलीका भेद

शिखर वास्तुशैलीका मन्दिरहरूको बनावटको ढाँचा एवम् स्वरुप एउटै किसिमको देखिदैन। कुनै शिखरशैलीका मन्दिरहरू

---

७. शर्मा, डिल्लीराज (२०५८) Ibid पृष्ठ ७४

८. खनाल, मोहनप्रसाद (२०५५) Ibid पृष्ठ १६

९. शर्मा डिल्लीराज (२०५८) Ibid पृष्ठ ७८

१०. खनाल, मोहनप्रसाद (२०५५) Ibid पृष्ठ १७

११. Brown, P. (1976) **Indian Architecture,** (Buddhist and Hindu Period), Bombay D.B. Taraparevala Sons & Co. Pvt. Ltd., P. 198
Regarded as a whole the structures of Nepal notably those of sectorial ascription fall into two categories, those of the Sikhara variety clearly derived from the style fo temple favoured in India and those of the multiple roof design associate with Pagoda of China, the former being mainly constructed of masonry while the latter are largely composed of wood.

१२. क्षेत्री, गणेशप्रसाद/रायमाझी, रामचन्द्र (२०५६) नेपाली कला बास्तुकला र प्रतिमा लक्षण, एशिया पब्लिकेशन्स, बागवजार, काठमाडौं पृष्ठ २१३

१३. शर्मा, बालचन्द्र (२०१९) नेपाली शब्दकोश (सम्पादन) रोयल नेपाल एकेडेमी, पृष्ठ १००४

१४. क्षेत्री, गणेशप्रसाद/रायमाझी, रामचन्द्र (२०५६) Ibid पृष्ठ २१३

माथिल्लो भाग चुच्चिदै शिखर भागमा रुपान्तरित भएका पाइन्छन् भने कुनै माथि गुम्बजको प्रयोग भएका छन् । भौगोलिक वातावरण वास्तु शिल्पीको कला भावना, बनावट ढाँचा जस्ता कारणहरूले गर्दा उक्त भिन्नता देखापरेको हुनुपर्दछ । त्यसैले मूलत: शिखरवास्तुशैलीलाई वनावटशैली एवम् प्रादेशिक भिन्नताको आधारमा नागरशैली, द्रविडशैली र बेसरशैली गरी तीन भेदमा बिभाजन गर्ने गरिन्छ ।

### क) नागरशैली

खासगरी उत्तर भारतीय क्षेत्र तथा हिमालयदेखि विन्ध्याञ्चलसम्म प्रचलित शिखर शैलीलाई नागरशैली मानिन्छ । यस शैलीलाई कहीकतै इण्डोआर्यनशैली पनि भनिन्छ । मध्यभागमा मूर्ति प्रतिस्थापन गर्न गर्भगृह बनाउनु, माथिल्लो भाग समानुपातिक रुपमा सानो र चुच्चिदै जानु, आमलक, गजुर, छत्रावलीको प्रयोग, वृताकार वा चतुष्कोणाकार वास्तुयोजनामा निर्माण गर्नु प्रदक्षिण पथको व्यवस्था गर्नु, रथाकार (दुईरथ, त्रिरथ, पञ्चरथ, सप्तरथ, आदि) योजनामा मण्डप, अर्धमण्डपसहितको बनाइनु आदि यसशैलीको प्रमुख विशेषता हुन् । यस शैलीका मुख्य नमूनाका रुपमा भारतको भुवनेश्वरको मुक्तेश्वर मन्दिर, पशिचम नेपालका पाञ्चयन देवताका मन्दिर आदिलाई लिन सकिन्छ ।

### ख) द्रविडशैली

एकथरी शिखर वास्तुरचनाका मन्दिरलाई द्रविडशैली भनिन्छ। यो शैली भारतको दक्षिण क्षेत्रमा बढी प्रचलित छ । रथाकारको अभाव हुनु, मण्डपहरूको प्रयोग नपाइनु अष्टकोणीय शिखर बनाइनु, आमलकको सट्टा गुम्बजको प्रयोग यस शैलीमा पाइने मुख्य विशेषता हुन् । भारत काञ्चीपुरको कैलाशनाथ, एलौराको कैलाश मन्दिर, तन्जौरको बृहदेश्वर आदि मन्दिरलाई यसखाले शिखरशैलीका उल्लेख्य नमुनाका रुपमा लिन सकिन्छ ।

### ग) बेसरशैली

बेसरशैलीलाई चालुक्य वा कर्णाटकशैली पनि भनिन्छ । चालुक्य वंशका शासकहरूको शासनकालमा कर्णाटक क्षेत्रमा यस शैलीले अस्तित्व र बढी महत्व पाएको हुँदा यो नाम दिएको हुन सक्दछ । यस शैलीका मन्दिरहरूमा विभान भाग र मण्डप गरी दुई भाग हुने गर्दछ । यसका अतिरिक्त कँही कँही यस शैलीका मन्दिरको अगाडि पट्टी मण्डप पनि बनाउने गरेको पाइन्छ भने नागरशैली र द्रविडशैलीको मिश्रित स्वरुपलाई पनि बेसरशैलीकै रुपमा लिने गरिन्छ । यसशैलीका उत्कृष्ट नमूनाका रुपमा भारत कर्णाटकको कुक्नाकुरको कालेश्वर मन्दिर र लक्कुडीको जैन मन्दिर आदिलाई लिन सकिन्छ ।

## ६. नेपालमा शिखर वास्तुशैली

नेपालमा शिखरवास्तु रचनाले भारतीय शैलीको प्रभावबाट प्रवेश पाएको विश्वास गरिन्छ । अत शिखर वास्तुशैलीको प्राचीनताका दृष्टिले भारतीय भूमिलाई नेपाली माटो भन्दा जेठो र पाको भनिन्छ । भारतमा हाल देखिएका देवगढको दशावतार मन्दिर, नचना कुहारको महादेव मन्दिर, वोधगयाको महावौद्ध मन्दिर आदिको उत्कृष्टता र सुन्दरतालाई दृष्टान्त दिदै कला विशेषज्ञहरू यो शैलीको विकासले भारतमा गुप्तकालमा नै पूर्णता प्राप्त गरेको विश्वास गर्दछन् ।[१५] केही विद्वानहरूले नेपालमा यो शैलीले सत्रौ शताब्दीताका मात्र प्रवेश पाएको विश्वास व्यक्त गरेका छन् । तर हिजोआज गरिएका अध्ययन अनुसन्धान एवम् प्राप्त भएका प्रमाणहरूले उक्त विचारलाई आधारहीन सावित गरिदिएका छन् । यसै सन्दर्भमा मेरी स्लसरले नेपालमा शिखर वास्तुशैलीको इतिहास ज्यादै प्राचीन छ । कतिपय पुरातात्विक प्रमाणहरूले उक्त विषयलाई नै संकेत गर्दछन् । लिच्छविकालको अन्तताका वा पूर्वमध्यकालको प्रारम्भमा निर्माण गरिएको पशुपतिनाथ मन्दिरको प्राङ्गणमा रहेको ब्रम्हाको मन्दिरका साथै पशिचमी क्षेत्रका खस

---

१५. Kramarich, Stella (1946) <u>On the North India Sikhara</u> Calcuta University P.P. 17-18.

मल्ल राज्यका शिखरशैलीका मन्दिरहरूले यो शैली लिच्छविकालमा प्रारम्भ भई मल्लकालसम्म निरन्तर लोकप्रिय रहन गएको सूचना दिन्छ भन्नु हुन्छ ।[१६] यस्तैगरी नेपालमा शिखर वास्तुशैलीका मन्दिरहरूको प्राचीनताका सम्बन्धमा एन.आर.बनर्जी भन्नुहुन्छ, नेपालमा तलेशैलीका तुलनामा शिखर शैलीका मन्दिरहरूको संख्या ज्यादै थोरै छ र ती पनि मध्यकालमा निर्माण गरिएका पाइन्छन् । यद्यपि यो शैली उपत्यकामा इशाको पाँचौ शताब्दीताका नै अस्तित्वमा थियो । खासगरी कुमार सम्भवका कथा उत्कीर्ण गरिएका फलकहरू शिखर शैलीकै मन्दिरको भित्तामा जडान गर्ने उद्देश्यले निर्माण गरिएको आभास मिल्दछ ।[१७] यसै सन्दर्भमा वनर्जी अगाडि लेख्नुहुन्छ, इ.सं. ४६४ को राजा मानदेव प्रथमको तिलगङ्गाको विष्णुविक्रान्त मूर्तिको पादपीठको अभिलेखमा लक्ष्मीवत भवनाद भन्ने वाक्य परेकाले सोही बेलादेखि शिखर वास्तुशैली लोकप्रीय रहेको हुनुपर्दछ । यसै वास्तुशैलीका आधारमा दशौं एघारौं शताब्दीताका पशुपतिनाथ मन्दिर प्राङ्गणको प्रस्तरको चतुर्मुखी शिवको मन्दिर निर्माण भएको हो ।[१८] तर बनर्जीले भनेको चतुर्मुखी शिवको मन्दिरलाई अधिकांश विद्वानहरूले ब्रम्हाको हुनुपर्ने विचार दिएका छन् । यसप्रकार माथिका विद्वानहरूका विभिन्न विचारका साथै प्राप्त प्रमाणहरूलाई मूल्यांकन गर्दा नेपालमा शिखरशैलीको प्रवेश लिच्छविकालदेखि नै भएको र मध्यकालमा आएर लोकप्रियता प्राप्त गरेको अनुमान गर्न सकिन्छ ।

नेपालमा शिखर वास्तुशैलीको प्रयोग छत्रेशैलीको तुलनामा धेरै कम देखिन्छ । यद्यपि मध्यकालमा यो शैली निकै लोकप्रीय थियो । काठमाडौं उपत्यकाभित्र पशुपति प्राङ्गणको ब्रम्हाको मन्दिर, पाटनको महाबौद्ध मन्दिर, शंखमूलको जगतनारायण मन्दिर, भक्तपुरको वत्सलादेवी मन्दिर, स्वयम्भुको प्रतापपुर र अनन्तपुर मन्दिर, पाटनको कृष्ण मन्दिर आदिका साथै पश्चिम नेपालका बैतडी डडेलधुरा, दैलेख अछाम, सुर्खेत, जिल्लाहरूमा पाइने देवलहरूलाई नेपालका शिखर वास्तुशैलीका उल्लेखनीय नमूना मान्न सकिन्छ । नेपालमा शिखरशैलीका तीन भेदमध्ये नागरशैलीको प्रयोग तुलनात्मक रुपमा बढी देखिन्छ । मध्यकालमा काठमाडौं उपत्यकामा भन्दा पश्चिम क्षेत्रका खास गरी कर्णाली प्रदेशमा यो शैलीले तुलनात्मक रुपमा बढी लोकप्रियता प्राप्त गरेको बुझिन्छ । इतिहासकार सूर्यमणि अधिकारीले पश्चिम नेपालको कर्णाली प्रदेशमा खस शासकहरूको उदयसँगसँगै कला तथा वास्तुकला विधाले समुन्नत हुने अवसर पाउन गएको हो र सो क्षेत्रको बौद्ध धर्मसँग सम्बन्धित कला वास्तुकलामा तिब्बतीशैली एवं हिन्दू धर्मसँग सम्बन्धित कला वास्तुकलामा कुमाउँनी कलाशैलीको प्रभाव परेको बताएका छन् ।[१९]

पश्चिम नेपालका विशेषगरी बैतडी डडेलधुरा, दार्चुला, बाजुरा, बझाङ्ग, कालीकोट, अछाम, डोटी, दैलेख, सुर्खेत, आदि जिल्लाहरूमा नागर वास्तुशैलीका मन्दिरहरूको संख्या निकै पाइन्छ । जसलाई पाञ्चायन देवताका देवल भनिन्छ । पञ्च देवल सम्बन्धी धारणाको उत्पति आठौं शताब्दीताका भएको देखिए तापनि पश्चिम नेपालमा पञ्च देवलहरूको निर्माण

---

१६. Slusser, Mary (1992) **Nepal Mandala** Vol-I, P. 148
The sikhara is in fact of considerable greater antiquity in Nepal. This is attested by archaeological evidence and by half ruined Sikhara still use in the Pasupati compound. On stylistical evidence the latter can only belong to the late lichchhavi or early transitional period. The Sikhara was also familiar to the Mallas of old Khasa Kingdom in western Nepal.

१७. Banerjee, N.R. (1980) **Nepalese Architecture** Agam Kala prakasan, New Delhi, P. 73
The Sikhara Shirines are much smaller in number than the sloping and multiple roofed teimpes, Even so, most of the extant ones date from the mediaeval times. That such a form of temple archetecture existed from the earlier days or recorded history in the midland valley of Kathmandu, Namely, the 5th centurey Ad is beyond dispute. This is evident from the remains of stone pillars and veneer slabs bearing on their exterior bas relief pannels of Kumarsmbhava.

१८. Banerjee N.R. (1980) Ibid, P.P. 73-74
There is an incriptional reference to a style of temples designed as Laksmivat bhavanani in the Tilganga pedestal inscription, dated AD 464 of Visnuvikranta murtti. That this form of the temple structure continued in popularity, even later, is indicated by the presence of several all stone temples of the sikhara style in the premises of the Pasupati temple at Depattan, dating back, stylistically to the 10th-11th centuries Ad. The berst preserved temple in this style is the temple of Chaturmukha Siva in the North West corner of the temple courtyard.

१९. Adhikari, Surya Mani (1988) **The Khas Kingdom**, Nirala Publication New Delhi, P. 127.
With the foundation of the Khasa Kingdom the art and architecture began to prosper on western Nepal. The art and architecture of the Karnali region had been influenced by both the Indian and Tibetan style. The Khasa had come in contact with the Tibetan Buddhist even before the foundation of their kingdom in western Nepal. Therefore, the Buddhist iconography and architecture of the region largly bore the Tibetian impression. In these days, the sakya monastery of Western Tibet was one of the Principal centres of Buddhist learning and art. The Brahaminican architecture began to flurish in Western Nepal, Only after Kumaon came under the control of the Khasas rulers of Sinja, Infact, it was an extension of the Kumaon architecture.

गर्ने परम्पराको थालनी भने केवल १४ औं शताब्दीमा भएको बुझिन्छ ।[२०] पाण्डेले भारतको उत्तराखण्ड र पश्चिम नेपालमा शंकराचार्यको भ्रमणपछि कत्यूरीहरूको शासनकालमा भगवान शिवका मन्दिरहरू बन्न थालेकाले पश्चिम नेपालमा यस्ता देवलहरू दशौं, बाह्रौं शताब्दी अगाडिका पाइदैनन् । यस क्षेत्रमा पाइने अधिकांश देवलहरूको निर्माण कलाल्य, रैकाज, र बाइसी राजाहरूले गरेका हुन् भनेका छन् ।[२१]

यस्ता शैलीका मन्दिरहरू भारतको कुमाउँ र गढवाल राज्यहरूमा ठूलो संख्यामा निर्माण गरिएका छन् । त्यतैतिरबाट यस शैलीले नेपालको पश्चिमी क्षेत्रमा प्रवेश पाएको हो भन्ने विश्वास गरिन्छ । यस सन्दर्भमा खनाल लेख्दछन्, "नेपालको पश्चिमी भेकका कुमाउँनी वास्तुपरम्परा र कारिगरीको प्रभाव परेको हुँदा यसप्रकारका देवलहरूलाई शिखरशैली वा खसशैलीका नामले सम्बोधन गर्न सकिन्छ ।[२२] प्रो पाण्डेले सुर्खेतको लाटीकोइलीको मन्दिरमा प्राप्त एक अभिलेखले उक्त मन्दिर बनाउदा नाथ सम्प्रदायका एक जना योगीले बनारसबाट वास्तुविद्लाई झिकाएको विषयलाई संकेत गर्दछ भन्नु भएको छ ।[२४] प्रो. पाण्डेको उक्त भनाइबाट त्यस भेकका मन्दिरहरूमा भारतको बनारसमा प्रचलित शैलीको समेत प्रभाव परेको हुन सक्ने बुझिन्छ । केही विद्वानहरूले कर्णाली क्षेत्रमा निर्माण गरिएका मन्दिरहरूमा कत्यूरी कलाशैलीको प्रभाव परेको कुरा उल्लेख गरेको छन् । तर प्रो. पाण्डेले कर्णाली भेकको कला शेलीमा कत्यूरी मन्दिर कलाशैलीको प्रभाव परेको छ भन्नु सान्दर्भिक र आवश्यक छैन । किनभने कत्यूरीहरू यसै क्षेत्रका रैथाने थिए र उनीहरूको पूर्वमा कर्णाली नदीको सीमाक्षेत्रसम्म शासन कायम थियो भन्दछन् ।[२५] वास्तवमा कुमाउँ गढवाल र कर्णाली प्रदेशका शिखरशैलीका मन्दिरहरूमा पाइने शैलीगत विशेषता धेरै मिल्दाजुल्दा छन् । उक्त तथ्यले पनि कर्णाली भेकका शिखरशैलीका मन्दिरहरू कुमाउँ गढवालमा प्रचलित कलाशैलीको प्रभावबाट मुक्त छैनन् भन्ने विषयलाई नै संकेत गर्दछ । उत्तर भारतका विशेषगरी कुमाउँ गढवालमा पाइने शिखर वास्तुशैली भनेकै नागर वास्तुशैली हो । अत: पश्चिम नेपालको खासगरी कर्णाली भेकमा प्रचलित उक्त शैलीसँग मिल्दोजुल्दो शिखर वास्तुशैलीलाई नागरवास्तुशैली भन्न सकिन्छ ।

पश्चिमी भेकका देवलहरू एकल र समूहगत रुपमा स्थापना गरिएको अवस्थामा पाइन्छन् । यसरी निर्माण गरिएका देवलहरूलाई डिल्लीराज शर्माले एक देवल, द्विदेवल, पञ्चदेवल, समूहदेवल र भोगमण्डल सहितका देवलका रुपमा विभाजन गरी विस्तृत रुपमा विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्नु भएको छ ।[२६] यस्ता देवलहरूमध्ये एक देवल डडेलधुराको जगन्नाथ मन्दिर, असीग्रामथान, अजयेमेरकोट, बझाङ्गको पाटागाउँ, दैलेखको दुल्लु र भूर्ति, बाजुराको टाटे आदिमा पाइन्छन् । द्विदेवलहरू विशेषगरी डडेलधुराको अजयेमेरकोट, अछामको विनायक, दैलेखको दुल्लु आदिमा भेटिन्छन् । दैलेखको रावतकोट, कुईकाँडा, भूर्ति, लम्जी अछामको विनायक, बझाङ्गको देवल बाँभ, कालिकोटको मान्मा आदि ठाउँहरूमा पञ्चदेवलहरु फेला पर्दछन् । सप्तदेवलका रुपमा बैतडीको देवलहाट र समूहदेवलका रुपमा दैलेखको मूर्ति निकै प्रख्यात छन् । दैलेखको भूर्तिमा हाल पनि २२ वटा देवल देखिन्छन् तर त्यहाँ २५ वटा देवलहरू हुन सक्ने संकेत पाइन्छ ।

---

२०. Pandey, R.N, 1997 Ibid P. 641
Although the concept of Panchadeval evolved in the eight century, the panchadeval of western Nepal were built only in the 14th century.

२१. Pandey, R.N., 1997 Ibid P. 641
Although the concept of Panchadeval evolved inthe eight century, the panchadeval of western Nepal were built only in the 14th century.

२१. Pandey, R.N., 1997 Ibid P. 644
The temple of Lord Shiva were often made in Uttarakhanda and western Nepal after Sankaracharyas visit their during the rule of the Katyuris. However, No standing temple of the tenth twelfth centuries are available today. Most of the temples of western Nepal are of time of the Kalyalas, Rainkas & Baise Rajas.

२२. खनाल मोहनप्रसाद (२०५५) Ibid पृ. २१

२३. शर्मा, डिल्लीराज (२०५८) Ibid पृ. ८०-८१

२४. Pandey, R.N. (1997) Ibid P. 641
An Inscription of Latikoili temple reveals significance information to this respect, when a Yogi of the Nath sect began to construct the Latikoili temple of lord Siva, he called architects from Banaras for this work.

२५. Pandey, R.N. (1997) Ibid, P. 641
There is no need of emphasising the influence of the Katyuries were temple architecture on the architecture of western Nepal. The Katyuri were infact an indegenous dynesty of the region and they ruled over western Nepal as far as the Karnali River on the east.

२६. शर्मा, डिल्लीराज (२०५८) Ibid, पृ. ८२-९७

## ७. बैतडीको राजनीतिक इतिहास

प्राचीन एवम् मध्यकालीन बैतडी क्षेत्रको राजनीतिक इतिहासका बारेमा जानकारी उपलब्ध गराउने स्रोत तथा सामग्रीहरूको अभाव छ । यो क्षेत्रमा कुनै पनि समयमा स्वतन्त्र राज्य स्थापना भएको र स्वतन्त्र शासकको रुपमा राज्य सञ्चालन गरेका ऐतिहासिक प्रमाण फेला पार्न सकिएको छैन । यद्यपि सामन्त शासकका रुपमा शासन गरेका केही प्रमाणहरू भने प्राप्त भएका छन् । बैतडी क्षेत्र पूर्व मध्यकाल अर्थात कर्णाली प्रदेशका खस मल्ल शासकहरूको अधीनस्थ हुनुभन्दा अघि काठमाडौंका लिच्छविहरूको र कुमाउँका कत्यूरी वंशका शासकहरूमध्ये कस्को अधीनमा थियो भन्ने विषय अझसम्म अनुसन्धानको विषय बनेको छ । स्थानीयहरूका अनुसार हालको बैतडी जिल्लाका सबै भू-भागमा नेपाल एकीकरण पूर्व कत्यूरीवंशी डोटेली शाही या मल्ल राजाहरूले शासन गरेको बुझिन्छ ।

कुनै ग्रन्थमा तत्कालीन समयमा बैतडी स्वतन्त्र राज्यका रुपमा स्थापित नभई सम्भवतः कुमाउँका कत्यूरी शासकहरूको अधीनमा रहेको उल्लेख पाइन्छ ।[२७] कुमाउँमा सातौं शताब्दीतिर स्थापना भएको कत्यूरी शासकहरूको शासन अधिकारको समाप्ति दशौं शताब्दीमा हुन गयो ।[२८] त्यसैले कत्यूरी वंशको अधीनमा यो क्षेत्र नरहेको हुन सक्ने बुझिन्छ ।

वास्तवमा प्राचीनकालमा काठमाडौं उपत्यकामा राज्य स्थापना गर्ने लिच्छविहरूको राज्य उक्त समयमा निकै ठूलो थियो । भारतका गुप्त शासक समुद्र गुप्तको स्तम्भलेखले लिच्छवि राज्यको साँध सीमानाका बारेमा प्रष्ट पार्न खोजेको छ । यस स्तम्भलेखमा कुमाउँदेखि पूर्व आसामदेखि पश्चिमपट्टीको सम्पूर्ण भू-भागलाई नेपाल भनिएको छ ।[२९] मानदेव प्रथमको चाँगुनारायणको सम्वत ३८६ (ई.सं. ४६४) को अभिलेखमा मानदेवले गण्डकी पारि मल्लपुरीका सामन्तलाई कज्याएको चर्चा छ ।[३०] उक्त सन्दर्भले गण्डकी पारिको कर्णाली क्षेत्रलाई मल्लपुरीको रुपमा संकेत गरेको हुनुपर्दछ । गोरखासम्मबाट लिच्छविकालका अभिलेख, बागलुङ्गबाट मानाङ्गमुद्रा, जुम्ला लामाथाडाबाट गुफामा उत्तर लिच्छवि लिपि कुँदिएका चैत्य आदि प्राप्त भएका छन् ।[३१] यी सबै घटना विवरणहरूले लिच्छविकालमा नेपाल विशाल थियो । कर्णाली प्रदेशका बाईसी राज्यलगायत बैतडी पनि लिच्छविहरूको अधीनस्त थियो भन्ने सूचना दिएका छन् ।

बैतडी क्षेत्रमा एघारौं शताब्दीदेखिका केही ऐतिहासिक घटनाविवरण, मठमन्दिर, मूर्ति आदि प्राप्त भएका छन् । ती प्रमाणहरूलाई हेर्दा यस क्षेत्रमा दशौं एघारौं शताब्दीदेखि चौधौ शताब्दीसम्म खस मल्ल शासकहरूले शासन सञ्चालन गरेको र उनीहरूको पतन अर्थात् पन्ध्रौं शताब्दीपछि उक्त राज्य स-साना राज्यमा विखण्डित हुन गयो । तर उक्त समयमा पनि बैतडीले स्वतन्त्र हुने अवसर प्राप्त गर्न सकेन र डोटी राज्यकै अधीनमा रहन बाध्य हुन पुग्यो । डोटी राज्य निकै ठूलो भएकोले बैतडी क्षेत्रको रेखदेखका लागि सामन्त शासक नियुक्त गरिएका थिए । नेपाल एकीकरणको क्रममा वि.सं. १८७४ मा डोटी राज्यमाथि गोरखाली फौजले विजय प्राप्त गऱ्यो ।[३२] यसपछि डोटी राज्यको स्वतन्त्र अस्तित्वका साथै बैतडीको सामन्त शासकको अधिकार पनि समाप्त भएर गयो । यस प्रकार बैतडी क्षेत्र कुनै पनि बेला स्वतन्त्र राज्यका रुपमा स्थापित हुन सकेन । कुनै बेला सम्भवतः काठमाडौंका लिच्छवि, कुनै समय कर्णाली प्रदेशका खसमल्ल शासकका साथै कुनै समय डोटी राज्यको खटनपटनमा रहँदा रहँदै अन्ततः नेपाल एकीकरणको मूल प्रवाहमा समाहित हुनपुग्यो । हाल यो क्षेत्र नेपाल अधिराज्यका ७५ वटा जिल्लामध्ये सुदूर पश्चिमाञ्चलको महाकाली अञ्चल अन्तर्गत पर्ने एउटा पहाडी जिल्लाका रुपमा प्रसिद्ध छ ।

बैतडी क्षेत्रमा धेरै पटक राजनीतिक परिवर्तनहरू भए, तर त्यसको प्रभाव धार्मिक, सांस्कृतिक, कला बास्तुकला आदिका क्षेत्रमा खासै परेन । धार्मिक, सांस्कृतिक कला वास्तुकलाका दृष्टिले भने यो क्षेत्रको महत्वमा कुनै कमी आउन पाएन । जो जसले खटनपटन चलाए पनि यस क्षेत्रको धर्म, संस्कृति, कला

---

२७. मेचीदेखि महाकाली भाग ४ (२०३१) पृ. १०३०

२८. अधिकारी, सूर्यमणि (२०५३) पश्चिम नेपालको खस अधिराज्य नेपाल र एसियाली अध्ययन केन्द्र पृ. २८

२९. बज्राचार्य धनवज्र (२०३०) लिच्छवीकालका अभिलेख नेपाल एसियाली अनुसन्धान केन्द्र, त्रि.वि., प. २८

३०. बज्राचार्य धनवज्र (२०३०) Ibid पृष्ठ १३

३१. बज्राचार्य धनवज्र (२०३०) Ibid पृष्ठ २८

३२. सुवेदी, राजाराम (२०५५) बाईसी राज्यको ऐतिहासिक रुपरेखा नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रि.वि. पृष्ठ ५६

वास्तुकलाको विकास र विस्तारमा तत्कालीन शासकले कुनै कन्जुस्याई गरेनन् । आज पनि बैतडी जिल्लाभित्र रणासैनी भगवती निङ्गलासैनी भगवती, मेलौली भगवती, ईश्वरी गंगाधाम, जगन्नाथ तीर्थ, केदारनाथ, देवलहाट तीर्थ पतालभूमेश्वर जस्ता दर्जनौं मठमन्दिर अस्तित्वमा छन् । यसका अतिरिक्त सदरमुकामभन्दा ५० कि.मि. दक्षिणतर्फ रहेको सर्मालीगढी, वि.सं. १६२५ देखि १६७५ सम्म तत्कालीन पनेरुहरूले राज्य गरेको रौलाकेदार, पाटन गाविस वडा नं. ५ रहेको वि.सं. १६०० देखि १६५० सम्म चन्दहरूले राज्य गरेको सुमेरुकोट र वि.सं. १६३० देखि १६५० सम्म रुद्रवीर शाहले राज्य गरेको सदर मुकामको कुल्लेकोट आदि यहाँका महत्वपूर्ण ऐतिहासिक तथा पुरातात्विक स्थलहरू हुन् ।[३३] यी सम्पूर्ण स्मारकहरूको निर्माण एघारौं शताब्दीदेखि अठारौं शताब्दीसम्ममा भएको हुनसक्ने सम्भावना देखिन्छ । यी स्मारकहरूले यस क्षेत्रको गरिमालाई माथि उठाउन सहयोग पुऱ्याएका छन् । यस्ता मठमन्दिरहरूमध्ये देवलहाटका देवलहरूको महत्व उल्लेख्य छ ।

## ८. देवलहाटका देवलहरू

धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले मात्र होइन कला वास्तुकलाका दृष्टिकोणले समेत देवलहाटका देवलहरू अत्यन्तै महत्वपूर्ण मानिन्छन् । त्यहाँ भएका देवलहरूकै कारणले उक्त ठाउँको नाम देवलहाट रहन गएको हो । यो ठाउँ दशरथचन्द नगरपालिकाको वडा नं. १ मा पर्दछ । बैतडी खलङ्गागढीबाट लगभग दुई कि.मि. दक्षिणमा रहेको देवलहाटमा देवलहरूका अतिरिक्त कला वास्तुकलासँग सम्बन्धित अन्य विभिन्न वस्तुहरू पाइन्छन् । यहाँ सातवटा देवलहरू छन् जसलाई सप्तदेवल भन्न सकिन्छ । यहाँका सातवटा देवलहरूमध्ये दुईवटा भत्किसकेका छन् र हाल ती देवलहरूको केवल जगमात्र बाँकी रहेको छ । बाँकी पाँचवटा देवलहरू पनि जीर्ण अवस्थामा उभिएका छन् । यी देवलहरूको अवस्थितिका सम्बन्धमा भने खनाल र शर्माले बेग्लाबेग्लै विचार दिनु भएको छ । खनाल यी देवलहरू लहरै पूर्वाभिमुख बनाई स्थापना गरिएका छन् भन्दछन् ।[३४] शर्माले ती देवलहरू लहरै उत्तरतर्फ फर्काएर स्थापना गरिएको कुरा उल्लेख गर्नु भएको छ ।[३५] यहाँ रहेका देवलहरूको वर्तमान भौतिक अवस्थितिलाई अवलोकन गर्दा डिल्लीराज शर्माले भने मुताविक पूर्वपश्चिम लहरै उत्तराभिमुख बनाई स्थापना गरिएको देखिन्छ । यी सबै देवलहरूको योजना बर्गाकार छ । भत्किएका दुईवटा देवललाई छाडेर अन्य पाँचवटा देवलहरू २ x १.७२ x ४.३२, २ x १.७० x ४.३०, १.९५ x १.६८ x ४.२८, १.६० x १.६० x ४.२५, १.९४ x १.६६ x ४.४० मिटर लम्बाई चौडाई र उचाईमा फैलिएका छन् ।[३६]

यहाँका सातवटा देवलहरूमध्ये दुईवटालाई छोडेर बाँकी देवलहरूमा अर्ध मण्डप बनाइएको र त्यहाँ प्रयोग गरिएका दुई स्तम्भले मन्दिरको सुकनासालाई थामिराखेका छन् । पाण्डेले यस क्षेत्रमा पाइने देवलहरूमा ढोकाको माथिल्लो भागमा रहने गवाक्ष जस्तो एक प्रकारको वास्तुमाथि जडान गरिएको सुगाको नाक जस्तो स्वरुप भएको ढुंगाको चौकोणकार एकप्रकारको विशेष अंगलाई सुकनासा भनेर उल्लेख गर्नु भएको छ ।[३७] अर्धमण्डप नभएका दुईवटा मन्दिरमा भने बाहिरै ढोका बनाई त्यो भागले माथिको सुकेनासलाई थामिरहेको छ । त्यसैले अन्य मन्दिरभन्दा यी मन्दिरहरू आकारमा ठूला छन् । यहाँका सप्तदेवलहरूमध्ये तीनवटा देवलहरूको गर्भगृहमा कुनै देवी देवताको मूर्ति देखिदैन । स्थानीय वासिन्दाहरूलाई यस सम्बन्धमा सोधपुछ गर्दा केही वर्ष अघिसम्म पनि यहाँका मूर्ति नभएका देवलहरूमा भगवान् विष्णु, भगवती, गणेश, सूर्य आदिका मूर्ति थिए र पूजाआजा हुने गर्दथ्यो । तर निकै वर्षदेखि ती मूर्तिमध्ये केही मूर्तिहरू चोरिए र केही मूर्तिहरू अझ पनि मन्दिर बाहिर रहेको बुझिन्छ । नागरवास्तु शिल्प अनुसार दुई रथ शिखरशैलीमा निर्माण गरिएका यहाँका मन्दिरहरूमध्ये केवल एउटा मन्दिरको शिखर भागमा आमलक शिला छ भने अन्य मन्दिरमा देखिदैन । सायद अन्य मन्दिरका

---

३३. पाण्डेय, लक्ष्मीदत्त (२०६०) गोरखापत्र दैनिक, "बैतडीमा पर्यटकलाई तान्ने प्रशस्त सम्भावना" असार २, सोमवार पृ. २

३४. खनाल, मोहनप्रसाद Ibid पृष्ठ ६९

३५. शर्मा, डिल्लीराज (२०५८) Ibid पृ. ९२

३६. खनाल, मोहनप्रसाद (२०५५) Ibid पृ. ६९

३७. Pandey, R.N. (1997) Ibid, P 642
The Suknasa (Parrot nose design) is the most important feature of these temple. In case of the bigger temple it is seen in the form of a jutting out rectangular stone over a gavaksa type of construdction. The sukanasa was always built above the entrance and it often contained a foliate design of rolls.

आमलक शिला भुईमा खसेको हुनुपर्दछ । वर्तमान समयमा मन्दिर नजिकै भुईमा आमलक शिला पाइन्छन् । स्थानीय व्यक्तिहरूको भनाई अनुसार ती आमलक शिला धेरै बर्षअघि मन्दिरको शिखरभागमा नै भएको बुझिन्छ ।

यहाँको पूर्वी भागमा रहेको देवललाई पहिलो देवल मानिएको छ । ४.०५ मिटर उचाई १.५५ लम्बाई र १.२५ चौडाई भएको यस मन्दिरको गर्भगृहमा कुनै किसिमका मूर्तिहरू छैनन् । गर्भगृहमाथिको ऊर्ध्वभागमा वरिपरि विभिन्न किसिमका फूलबुट्टा र बीच खण्डमा चौकोणाकार घेराभित्र दुईवटा गोलाकार चक्का जस्ता बनाई कमलको फूलको चित्र कुँदिएको छ । यहाँ कुँदिएका फूल बुट्टाहरूले कलाकारको उत्कृष्ट कलाकारिताको संकेत गर्दछन् । यो मन्दिर अन्य मन्दिरको तुलनामा केही सग्लो र बुट्टादार हुनाका साथै मन्दिरको शिखर भागमा आमलक राखिएको छ ।

पूर्वबाट क्रमशः दोस्रो देवललाई भगवान शिवको मन्दिरको रुपमा लिइएको छ । यस मन्दिरको गर्भगृहमा शिवलिंग स्थापना गरिएको देखिन्छ । पहिलो मन्दिरको जस्तै यस देवलको भित्री ऊर्ध्व भागमा विभिन्न किसिमका फूल बुट्टा कुँदिएका छन् । त्यस्ता आकृतिहरू पहिलोमा भन्दा यस देवलमा बढी कलात्मकता र भिन्न छन् । चौकोणाकार परिधिमा कमलको फूलका साथै किनारी भागमा हातमा ढालतरवार लिएका सैनिकहरूका आकृति कुँदिएका छन् । हातमा ढालतरवार आकृतिहरूले महाभारतको युद्धमा पाण्डवहरूको पक्षबाट लडाई गर्ने सैनिकहरू हुन भन्ने किम्बदन्ती पाइन्छ ।

पूर्वबाट क्रमशः तेसो देवललाई शिवको मन्दिरको रुपमा लिइएको हो । यस मन्दिरको गर्भगृहमा पनि दोस्रो देवलको जस्तै भगवान शिवको प्रतीक स्वरुप लिंग स्थापना गरिएको छ । मन्दिरको भित्री ऊर्ध्वभाग खण्डमा अघिल्ला दुई देवलमा जस्तै बुट्टा कुदिनुका साथै दुवै हातमा फूलका माला लिएर उड्दै गरेको नारीका आकृति उत्कीर्ण गरिएका छन् । ती मानवाकृतिलाई डिल्लीराज शर्माले गङ्गाका आकृति हुनुपर्ने बताउनु भएको छ ।[३८] तर ती आकृतिहरू गङ्गाको नभई भगवान महादेवलाई अभिषेक गर्न हातमा पुष्पहार लिई आइरहेका परीहरूका हुन सक्दछन् ।

पूर्वबाट क्रमशः चौथो देवललाई भगवान शिवको मन्दिर भनिएको हो । यो देवल अन्य देवलका तुलनामा धेरै जीर्ण छ । जो कोहीलाई प्रवेश गर्न निषेध गरिएको हुँदा देवलभित्र खासगरी ऊर्ध्वभागमा कुँदिएको कलाकारिताका विषयमा जानकारी प्राप्त गर्न सकिएको छैन । यद्यपि बाहिरैबाट देवलको गर्भगृहमा भगवान शिवको प्रतीक स्वरुप दुईवटा शिवलिंग प्रतिस्थापन गरिएको देखिन्छ ।

पूर्वबाट क्रमशः पाँचौ देवल पनि भगवान शिवको मन्दिर हो । यो देवलको गर्भगृहमा शिवलिंग प्रतिस्थापन गरिएको छ । यस मन्दिरको ऊर्ध्वभाग अन्य देवलहरूमा जस्तै कलात्मक फूलबुट्टाहरू कुँदिएका छन् । अन्य मन्दिरको तुलनामा यो मन्दिर केही ठूलो छ ।

पूर्वबाट क्रमशः छैटौं मन्दिरलाई छैटौं देवलका रुपमा लिइएको छ । यस मन्दिरको गर्भगृहमा पनि कुनै मूर्तिहरू स्थापना गरिएको छैन । सम्भवतः यहाँका मूर्तिहरू हराएका हुन सक्दछन् । मन्दिरको ऊर्ध्वभागमा माथिकै जस्ता फूलबुट्टाहरू कुदिएका छन् ।

लहरै स्थापना गरिएका मन्दिरहरूमा सवैभन्दा पश्चिमतर्फको मन्दिरलाई सातौं देवल मानिएको छ । यस देवलको माथिल्लो भाग जीर्ण अवस्थामा छ । गर्भगृह खाली रहेको यो देवलको ऊर्ध्वभागमा पनि अन्य देवलमा जस्तै फूल, लहरा, एवम् ज्यामितीय रेखाहरू उत्कीर्ण गरिएका छन् ।

यसरी लहरै स्थापना गरिएका यी देवलहरू सातवटा भए तापनि पञ्चदेवोप्रासनाका सिद्धान्त अनुसार स्थापना गरिएको हुनुपर्दछ । पञ्चदेवोपासनामध्ये पनि यस क्षेत्रमा शिव पञ्चायनको भावना बढी लोकप्रीय भएको कारण मुख्य देवलका रुपमा बीचमा भगवान शिव र दाँयाबाँया विष्णु, गणेश, सूर्य र देवीका मूर्तिहरू प्रतिष्ठा गरिएको हुनसक्छ । त्यसो भएको हुँदा यहाँका मूर्ति नभएका देवलहरूमा कुनै बेला विष्णु, गणेश, सूर्य र देवीका प्रतिमाहरू स्थापना गरिएको हुन सक्ने सम्भावना रहेको बुझिन्छ ।

३८. शर्मा, डिल्लीराज (२०५८) Ibid पृ. ९३

यसप्रकार कला तथा वास्तुकलाका दृष्टिकोणले यहाँका मन्दिरहरू निकै महत्वपूर्ण मानिन्छन् । ढुंगैढुंगाको प्रयोग गरी निर्माण गरिएको यी मन्दिरलाई शिखरशैलीका उत्कृष्ट नमूनाका रुपमा लिन सकिन्छ । पाण्डेका अनुसार पश्चिम नेपालमा पाईने शिखर शैलीका मन्दिरहरूमा हल्का सेतो, खैरो, पहेलो रंगका चट्टान काटेर तयार पारेका ढुङ्गाका टुक्राहरू एकप्रकारको परम्परागत जोड्ने पदार्थ र फलामको अंकुश प्रयोग गरी एकअर्कामा जडान गरिएको बुझिन्छ ।[३९] यस्तै विशेषता यहाँका देवलहरूमा पाइन्छ । ढुङ्गा उत्कृष्ट छ । ढुंगाका टुक्रालाई जोड्नका निम्ति बीचबीचमा फलामका अंकुशका साथै लिसैलो कालो माटोको मोरटार प्रयोग गरिएका छन् ।

यहाँका देवलसँग सम्बन्धित शिलालेख, ताम्रपत्र आदि जस्ता पुरातात्विक प्रमाणहरूका अभावका कारण यी देवलहरूको निर्माण कहिले भएको हो सोका बारेमा स्पष्ट भन्न सकिने अवस्था छैन । मोहनप्रसाद खनालले यहाँका देवलहरूको निर्माण बाह्रौ तेह्रौं शताब्दीताका भएको हुनसक्ने बताएका छन् ।[४०] पाण्डेले दुल्लु र दैलेखमा दुलाल राजाका समयमा निर्माण गरिएका देवलहरूको भन्दा यहाँका देवलहरूको शैली पुरानो भएको कारण यी देवलहरूलाई दुल्लु र दैलेखका भन्दा प्राचीन मानेका छन् ।[४१] दुल्लु र दैलेखमा ईसाका पन्ध्रौं सोह्रौं शताब्दीताका दुलाल शासकहरूको शासन कायम रहेको बुझिन्छ । त्यसो भएको हुँदा यी देवलहरूको निर्माण ईसाको बाह्रौं तेह्रौ शताब्दीको हुन सक्ने सम्भावना छ । पश्चिम नेपालमा स्थापना गरिएको यस्ता मन्दिरहरू मध्ये शक सम्वत १२०२ अर्थात् इ.सं. १२८० को अछामको विनायक पञ्चदेवललाई अभिलेखीय प्रमाणका आधारमा इतिहासविद् सूर्यमणि अधिकारीले सवैभन्दा जेठो मान्नुभएको छ ।[४२] अधिकारीको उक्त भनाईले देवलहाटका यी देवलहरू तेह्रौं शताब्दीभन्दा प्राचीन होलान् भन्ने संकेत गर्दैन । अन्तमा यी देवलको स्वरुप, वास्तुशैली आदिलाई आधार मान्दा यी स्मारकहरू बाह्रौ तेह्रौं शताब्दीताका निर्माण गरी उक्त देवल बनाएर उब्रिएका ढुङ्गाले त्यहाँका मूर्ति, शिवलिङ्ग, नाउलो, विश्रामस्थल आदि बनाएको हुनसक्ने अनुमान गर्न सकिन्छ ।

स्थानीय वासिन्दाहरूका भनाइअनुसार यहाँका देवलहरूमा धेरै भाँडावर्तन एवं अन्य सामग्रीहरू थिए । कुमाउँका शासकले यहाँ आक्रमण गरेर एउटा देवल भत्काइ त्यहाँबाट सात गाग्री चाँदी लगेका थिए । यसरी चोरी हुने डरले मन्दिरका भण्डारेले बाँकी बहुमूल्य सामग्री खाडल खनी पुरिदिएका थिए । ती सामग्री कहाँ पुरिए त्यसको जानकारी छैन । कुनै पनि बेला ती बहुमूल्य सामग्री फेला पर्न सक्दछन् । यहाँका भत्किएका देवलहरूबाट पाँचवटा तामाका थाली, एउटा तामाको लोहोटा र ताउलो, एउटा पानी खाने टुटी भएको करुवा, वटुका, तामाको गाग्री, तामाको भड्डु (भाँडो) र तरवार प्राप्त भएको बुझिन्छ । यसरी प्राप्त भएका भाँडावर्तनहरू हाल मन्दिरको भण्डारमा सुरक्षित राखिएका छन्, जसको अवलोकन जो कोहीले पनि गर्न सक्दछ । यहाँ शक्तिशाली देवीदेवता छन् भन्ने कुरामा स्थानीयहरू विश्वास गर्दछन् । वि.सं. २०२७ सालतिरको एउटा घटना हो । यही बसोबास गर्ने गङ्गादत्त भट्ट नामक ब्राम्हणले सम्झना र पूजाका निम्ति यहाँका देवलहरूबाट आफू पिथौरागढ बसाइ गरी जाँदा दियो लिएर गएछन् । सोही राति उनको घरमा चारैतिरबाट घोडाहरूले घेरेको सपना देखेपछि भोलिपल्ट देवलहाट आई मन्दिरमा रुद्रि लगाई माफी मिनाहा मागेर उक्त दियो पुन: छाडी दिएछन् र उनलाई सपनामा कहिल्यै देवीदेवताले दु:ख दिएनन् ।

## ९. देवलहाटमा पाइने अन्य ऐतिहासिक सामग्रीहरू:

देवलहाटमा एउटा शिलालेख, शिवलिङ्ग, उमामहेश्वर, गणेश, भगवतीका खण्डित मूर्तिहरू छन् । उक्त मूर्तिहरूलाई मोहनप्रसाद खनालले बाह्रौं तेह्रौं शताब्दीको र ती मूर्तिहरूसँगै रहेको शिलालेखलाई उमामहेश्वर मूतिको पादपीठको हुनुपर्ने कुरा उल्लेख गर्दै यसप्रकार पढ्नुभएको छ :

*ॐ स्री बहतडी राजक श्री*
*कर्ण्ण महामंडलीक रा*
*णी स्रीयंदेवी पुत्र स्री ग*
*र्दिव ॥ पुत्र वारहरदे*
*वेन घटितेन । तेन घटितेन*
*देवकार्यन पदतं भूमी ॥*[४३]

यो अभिलेखको विश्लेषण गर्ने हो भने देवलहाट क्षेत्र बैतडी राज्यका राजा श्रीकर्ण महामण्डलकी रानी श्रीयम देवीका

३९. Pandey, R.N., (1997) Ibid p. 641
The temples of western Nepal has been built of nicely cut and dressed slabs of whities and grayish to yellowish stones, sedmentary rocks. The slabs have been joined together with a kind of primitive mortar and iron nails.

४०. खनाल, मोहनप्रसाद (२०५५) Ibid, पृ. ७०

४१. Pandey R.N. (1997) Ibid p. 645, 650

४२. अधिकारी सूर्यमणि (२०५३) Ibid, पृ. ९५

४३. खनाल, मोहनप्रसाद (२०५५) Ibid पृ. ७०, १३३

छोरा गर्भदेव र गर्भदेवका छोरा वराह देवले स्थापना गरेको र धर्मकार्यादि सम्पन्न गरेको चरण भूमि हो भन्ने बुझिन्छ । यहाँको उमामहेश्वर मूर्तिको शिरोभाग र हातहरू भाँचिसकेका छन् । जसले गर्दा मूर्तिको कला शैली एवं अन्य विशेषताका बारेमा सूक्ष्म जानकारी संकलन गर्न धेरै कठिन छ । तापनि मूर्तिमा उत्कृष्ट कलाकारिताको झलक पाईन्छ। मूर्ति फलकमा सुखासनमा दायाँ शिव र बाँया तर्फ उमा बसेकी छन् । शिवले गहनाका रुपमा च्याप्टो पुष्पहारका साथै रुद्राक्षको माला धारण गरेका छन् भने उनको काखमा आसिन उमाले पनि भगवान शिवकै जस्ता गहना लगाएकी छन् । यस्तै गरी कम्मरमा बाँधेको पटुका, च्याप्टो पुष्ट छाती र पातलो कम्मरले उमाको मूर्तिलाई अझ आकर्षित बनाएको छ । आफ्नो एउटा हातले भगवान शिवलाई आलिङ्गन गरेको यस मूर्तिमा भगवान शिवलाई भन्दा उमालाई कलाकारले बढी कामासक्त देखाउन खोजेको छ। शर्माले बनावट शैली, मूर्तिमा पाईने विशेषताका आधारमा यस मूर्तिलाई बाह्रौं तेह्रौं शताब्दीताकाको हुनु पर्ने बताउनु भएको छ ।[४४]

उपर्युक्त मूर्तिका अतिरिक्त देवलहाटदेखि उत्तर पश्चिमपट्टि थोरै पर एउटा नाउलो (पानी खाने कुवा) माथि कलात्मक शिवलिङ्ग छ । उक्त शिवलिङ्ग माथि धेरैको संख्यामा लिङ्गका आकृतिहरू कुँदिएका छन् । जसलाई स्थानीय वासिन्दाहरूले सहस्र लिङ्ग भन्ने गर्दछन् । यो शिवलिङ्ग १.९० मिटर परिधि रहेको पीठमाथि प्रतिस्थापित छ । यसको लिङ्ग भाग मात्र ५० से.मि. देखि परिधि र पीठिकादेखि माथिको भाग २६ से.मि. रहेको छ । यो लिङ्गमाथि १५ वटा तेस्रो रेखामा क्रमबद्ध रुपमा स-साना लिङ्ग खोपिएका छन् ।[४५] पाण्डेले यो शिवलिङ्गमाथि धेरैको संख्यामा लिङ्गका आकृति कुदिएका छन् । जो भगवान् शिवको १००८ वटा नाम एवम् स्वरुपको प्रतिक हो । प्रारम्भमा यो शिवलिङ्ग त्यहाँका सातवटा देवलहरूमध्ये कुनै एउटामा प्रतिस्थापन गरिएको हुनसक्ने देखिन्छ ।[४६]

उक्त शिवलिङ्ग कहिले कसले स्थापना गरेको हो त्यसका बारेमा सूचना दिने ऐतिहासिक प्रमाण प्राप्त हुनसकेको छैन । शर्माले यसलाई चौधौ शताब्दीताको मान्नुभएको छ ।[४७] शिवलिङ्गको ढुङ्गा र माथि उल्लेख गरिएका मूर्ति एवम् देवल बनाउन प्रयोग गरिएका ढुङ्गाको गुण एउटै छ । त्यसो भएको हुँदा अन्य मूर्तिहरू जस्तै यो शिवलिङ्ग पनि बाह्रौं तेह्रौं शताब्दीताकाको हुनुपर्ने अनुमान गर्न सकिन्छ ।

देवलहाट क्षेत्रमा रहेको अर्को आकर्षण यहाँको नाउलो अर्थात् पानीको कुण्ड हो । यस नाउलोको भित्री खण्ड १.८० x १.८० मिटर लम्बाई चौडाईको पूर्ण चतुष्कोणाकारको छ भने सम्पूर्ण बाहिरी खण्ड १.९० वर्गमिटर चौकोणाकार योजनामा निर्माण गरिएको छ । जसको माथिल्लो भागमा आमलकशिला जडान गरिएको छ ।[४८]

जमिनको सतहभन्दा दुई मिटर माथि उठेको यो नाउलोको माथि दुई तहमा शिलाआमलक स्थापना गरी मन्दिरको रुप दिन खोजेको जस्तो देखिन्छ । यसको प्रवेशद्वार १.४० मिटर छ ।[४९] जहाँ हिजो आज जाली लगाइएको छ । भनिन्छ उहिले उहिले खलङ्गागढीमा अवस्थित जगन्नाथ स्वामीको पूजा गर्दा ईश्वरी गंगाधामका साथै यहाँको चोखो जल चढाउने अवस्थित जगन्नाथ स्वामीको पूजा गर्दा ईश्वरी गंगाधामका साथै यहाँको चोखो जल चढाउने गरिन्थ्यो । तर हिजोआज पानीको अभाव छ र थोरै भएको पानी पनि प्रदूषित भएकाले यहाँको जल प्रयोग गर्न छाडिएको छ । शिवजीको नाउलोमा हुनुपर्ने विशेषताजस्तै यहाँको नाउलोमा पनि दाँयातिर विश्रामस्थल राखिएको छ । उक्त विश्रामस्थल भत्किएको भए तापनि केही भाग अद्यापि छदैछ, जुन विश्रामकोठा ३० x ८४ से.मि.को क्षेत्रफलमा बनेको छ ।[५०]

उक्त विश्रामस्थलमा प्रवेश गर्ने पर्खालको एउटा सानो गवाक्षमा एउटा पुरुष आकृति छ जसलाई शर्माले बाह्रौं शताब्दीताकाको मान्नु भएको छ ।[५१] विगत समयमा स्थापना गरिएका वापीलाई हिजोआज नाउलो भनिन्छ । यस्ता नाउलाहरू शुद्ध जलका

४४. शर्मा, डिल्लीराज (२०५८) Ibid पृ. ३७

४५. शर्मा, डिल्लीराज (२०५८) Ibid पृ. ३४

४६. Pandey, R.N. (1997) Ibid P. 715

One sivalinga of Devalhat is quite ornate and peculiear in formation. On its body in fifteen rows nummerous small lingas have been carved out by the sculpture to signify the thousand and eight names of god. This is a sculpture of Malla period and originally it was housed as the main idol of worship in one of the seven temple of the village, its top is plain, circular and little mutilated.

४७. शर्मा, डिल्लीराज (२०५८) Ibid, पृ. ३५

४८. Sharma, D.R. (2000) Contribution of Nepalese studies. CINS Vol-27, Num. 2, Page 207.

४९. शर्मा, डिल्लीराज (२०५८) Ibid पृ. १०४

५०. शर्मा, डिल्लीराज (२०५८) Ibid पृ. १०४

५१. Sharma D.R. (2000) Ibid, P. 207

लागि आर्थिक रुपमा सम्पन्न व्यक्तिहरूले आफू र आफ्ना परिवार समेतको धर्म आर्जनका निम्ति स्थापना गर्ने गर्दथे। जुन कार्यलाई पवित्र सत्यनिष्ठ कार्य ठानिन्थ्यो र पुण्य प्राप्त हुन्छ भन्ने विश्वास गरिन्थ्यो।[५२]

यहाँको नाउलोको प्रयोग देवीदेवताहरूलाई शुद्ध जल अर्पणका लागि गरिएको हुनुपर्दछ। उक्त क्षेत्रको मानव बसोबासको ढाँचाले पनि सोही विषयलाई संकेत गर्दछ। जहाँ वर्तमान समयमा एकदुईवटा मात्र व्यक्तिगत घरहरू छन्। स्थानीय व्यक्तिहरूले लगभग दुई तीनसय बर्ष पहिला यस स्थानमा व्यक्तिगत घरहरू थिएनन्। हिजोआज देखिने खण्डित देवलहरूको भौतिक अवस्थिति भने राम्रो र पूजनीय रहेको बताउँदछन्। उक्त घटना विवरणका साथै देवल बनाउन प्रयोग गरिएका ढुङ्गा र नाउलोमा प्रयोग गरिएका ढुङ्गाको गुणादि मिल्दाजुल्दा छन्। त्यसैले यो नाउलो र विश्रामस्थलको निर्माण पनि बाह्रौं तेह्रौं शताब्दीताका भएको हुनुपर्दछ।

यहाँका देवलसँगै पश्चिमपट्टि कालभैरवको मन्दिर पनि छ। उक्त मन्दिरमा श्रावण, पौष, जेष्ठ कृष्णपक्षका साथै हरेक शनिबार, मंगलबार पूजा हुने गर्दछ। कालभैरवको मन्दिरमा प्रत्येक बर्ष कालो बोको बलि दिन्छन्। बलि राति दिनुपर्ने परम्परा छ। उक्त बलि चढाएको कालो बोकाको मासु त्यही पकाएर हलुवासँग प्रसादको रुपमा ग्रहण गर्दछन्। प्रसाद जैसी, बाहुन र मार्कण्डे थरका छेत्रीले बाहेक अन्यले खान्छन्। बलि दिने बेलामा समेत जैसी बाहुन र मार्कण्डे थरका छेत्री उपस्थित हुन नहुने परम्परा छ।

यसप्रकार यहाँको सातवटा देवलहरू, विभिन्न, देवप्रतिमा नाउलो, सहस्र लिङ्ग, कालभैरवको मन्दिर, विश्रामस्थल, अन्य विभिन्न सामग्रीले उक्त क्षेत्रलाई महत्वपूर्ण ऐतिहासिक एवम् सांस्कृतिक स्थलका रुपमा स्थापित गरेका छन्। यस क्षेत्रबाट प्राप्त भएका विभिन्न स्मारकहरूको सूक्ष्म मूल्यांकन गर्दै पाण्डेले वैतडीको देवलहाटक्षेत्र मध्यकालमा कला तथा वास्तुकलाको महत्वपूर्ण केन्द्र थियो भन्ने कुरा उल्लेख गरेका छन्।[५३]

## १०. आवश्यक जीर्णोद्धार एवम् मर्मत सम्भार

देवलहाट क्षेत्रका उक्त ऐतिहासिक वस्तुहरूले मर्मत सम्भार एवं जीर्णोद्धारको प्रतीक्षा गरिरहेका छन्। यहाँका कुनै पनि स्मारकहरू सग्ला छैनन्। अझ यहाँका भत्किएर बाँकी रहेका पाँचवटा देवलहरूले पनि काल पर्खिरहेका छन्। भत्कन बाँकी रहेका ती देवलहरू कुन बेला भत्कन्छन् भन्न सकिन्न। सबै चर्किएका छन्। भत्कने क्रम जारी छ। विस्तारै शीर्ष भाग वा आमलकबाट भत्कन प्रारम्भ भएका छन्। यसै गरी त्यहाँका मूर्तिहरू बेवास्ता गरी भूईंमा मिल्किएको अवस्थामा छन्। हावा, पानी र माटो केटाकेटीको खेलबाड र ठूला व्यक्तिको हेलचक्रयाइँले गर्दा उक्त मूर्तिहरूले संरक्षण पाउन सकेका छैनन्। उता नाउलो र विश्रामगृहको अवस्था त्यस्तै बेहाल छ। नाउलोमा हालसम्म पानी आउदैछ तर कति दिन पानी आइरहन्छ त्यो भन्न सकिने अवस्था छैन। उक्त नाउलो भत्किदै जादैछ कुनै पनि बेला माथिको छत खसेर पुरिन बेर छैन। विश्राम घरका बाँकी रहेका खम्बाहरू पनि भत्कँदैछन्। त्यसैले यहाँका हरेक ऐतिहासिक बस्तुहरूको तुरुन्तै मर्मत सम्भार र जीर्णोद्धार नगरे तिनीहरूको आयु चाँडै नै सकिने सम्भावना देखिन्छ। स्थानीय स्तरमा भरखरै मात्र शिवशङ्कर युवा क्लवले देवलहाट संरक्षण समितिको गठन गरेको छ। उक्त समितिले सामान्य मर्मतसम्भार, धर्मशाला निर्माण, घेराबारा गर्नेजस्ता कार्यहरू गर्दैछ।[५४] यस क्षेत्रका ऐतिहासिक एवं पुरातात्विक स्मारकहरू संरक्षणका निम्ति आवश्यक जीर्णोद्धार, तीर्थयात्री बसोबास गर्ने धर्मशाला एवं पार्टीको निर्माण, खानेपानी एवं शौचालयको व्यवस्था, बाटोमा ढुंगाको सिढी विछ्याउने, विजुली विस्तार गर्ने जस्ता कार्यहरू तत्काल गर्नु पर्ने देखिन्छ।

यस क्षेत्रमा सातवटा देवल, भैरवको मन्दिर, विभिन्न देवीदेवताका मूर्ति, सहस्र शिवलिङ्ग, शिवजीको नाउलो र विश्रामस्थल आदिजस्ता ऐतिहासिक महत्वका स्मारक एवम् मूर्तिहरू पाईन्छन्। खलंङ्गागढीबाट ठाडो ओरालो तल बेसीमा यो ठाउँ भएकाले मनोरम पनि छ।

---


५२. Pandey, R.N. (1997) Ibid, P. 684
The construction of Vapi (reservoir) or Makaradhara (water conduit) for the supply of drinking water was supposed to be the most solemn deed by the people in the past. Every rich persons wanted to make Vapi (nowadays those Vapis are called naulo) because it provided enough marits (Punyas) to him and to his family.

५३. Pandey, R.N. (1997) Ibid P. 714
An examination of the details of various compositions shows that Debalhat was an important centre of Malla art in western Nepal.

५४. पाण्डेय, लक्ष्मीदत्त, (२०६०) Ibid पृ. २




चित्र नं. १ बैतडी देवलहाटका देवलहरूको अग्रभाग




चित्र नं. २ देवलहाटका देवलहरू



चित्र नं. ३ कुनै एक देवलको ऊर्ध्वभाग (सिलिङ्)मा कुँदिएका आकृतिहरू



चित्र नं. ४ कुनै एक देवलको ऊर्ध्वभागमा (सिलिङ्) कुँदिएका आकृतिहरू



चित्र नं. ५ कुनै एउटा देवलभित्र प्रतिस्थापन गरिएको शिवलिङ्ग

# आ.व. ०६०/०६१ को पुरातत्त्व विभागको गतिविधि

**विष्णुराज कार्की**
**सरस्वती सिंह**
**जयन्ती श्रेष्ठ**

राष्ट्रभरि छरिएर रहेका सम्पदाहरुको संरक्षण सम्वर्द्धन, पुरातात्विक स्थलहरुको खोज, अनुसन्धान एवं उत्खनन् लगायत अमूर्त सम्पदाहरुको संरक्षण गरी जीवन्त राख्ने उद्देश्यले २००९ सालमा पुरातत्व विभागको स्थापना भएको हो । यस बिभागले २०१३ सालमा प्राचीन स्मारक संरक्षण ऐनका माध्यमबाट कानूनी स्वरुप ग्रहण गरेको थियो । स्थापनाकालदेखि नै मूर्त र अमूर्त सम्पदाहरुको खोज एवं संरक्षण गरी तिनको प्रचार प्रसार गर्दै आएको छ । वर्तमान स्थितिमा नेपाली सांस्कृतिक परम्परा र सम्पदाहरुको अन्तर्राष्ट्रियस्तरमा समेत प्रचार प्रसार भई हाल ७ वटा सम्पदास्थललाई विश्व सम्पदा सूचीमा समावेश गर्ने कार्य पुरातत्व विभागकै प्रयास र परिश्रमबाट भएको हो। भौगोलिक आकारका दृष्टिले नेपाल सानो भएतापनि मुर्त र अमुर्त सम्पदाहरुले सम्पन्न छ। तसर्थ तिनको संरक्षण र सम्वर्द्धन गरी जीवन्त तुल्याउन थप प्रयास र खोजको आवश्यकता रहेको छ । पुरातत्व विभागको बिगतका अनुभवहरुबाट सम्पदा संरक्षण गर्ने कार्यमा स्थानीय निकाय एवं सम्वद्ध सरोकारवालाहरुलाई समावेश गरी अघि बढ्नुपर्ने टड्कारो आवश्यकता रहेको देखिन्छ । मूर्त एवं अमूर्त सम्पदाहरुको श्रृजना एवं संचालनको ऐतिहासिक परिपाटीलाई सिंहावलोकन गर्दा बहुसंख्यक सम्पदाहरुको जनस्तरबाटै संरक्षण भएको देखिन्छ । सम्पदाहरुको श्रृजना एवं संचालन धार्मिक,परम्परागत रीतिरिवाजबाट उत्पन्न परिस्थितिको द्योतक हुन्। सम्पदाहरुको जीवन्तता भन्नुनै तिनमा निहित सांस्कृतिक परम्परा हुने हुनाले यिनको संरक्षण र सम्वर्द्धनमा दीगोपनका लागि स्थानीय निकाय र सरोकारवाला समूहको सहभागिता महत्वपूर्ण भूमिका रहन्छ ।

विकासको प्रतिफल जनस्तरसम्म पुऱ्याउन जनसहभागितालाई विकास सिद्धान्तको प्यारापीडमा दोश्रो स्थानमा राखिनुले पनि सम्पदाको संरक्षणमा जनसहभागिता महत्वपूर्ण स्थान रहन्छ । त्यसैले दशौं योजनाको लक्ष्यमा समेत विकास निर्माणका कार्यमा जनस्तरसम्म प्रतिफल पुऱ्याउन जनसहभागितालाई बिशेष जोड दिईएको छ। साथै विकास निर्माणका कार्यहरुबाट गरिवी निवारण कार्यमा बिशेष जोड दिईएको हुंदा यस लक्ष्यलाई पुरातत्व विभागका कार्यक्रमहरुले प्रत्यक्ष फाईदा पुऱ्याउदै आएको छ । तसर्थ परम्परागत मूर्त एवं अमूर्त सम्पदाको संरक्षणबाट गरिवी निवारण कार्यमा प्रत्यक्ष सहयोग पुग्ने हुनाले यिनको बर्गीकरण गरी तोकिदिएका मापदण्ड अनुसार सम्पदाहरुको संरक्षणमा स्थानीय निकायहरुको सहभागिताका लागि कानूनी व्यवस्था समेत गरिसकेको छ । तर स्थानीय निकायहरुमा परम्परागत सम्पदाहरुको संरक्षण एवं सम्वर्द्धन गर्नुपर्ने परम्परागत प्रविधिको ज्ञान र सीप नभएकाले त्यसतर्फ बिशेष चेतनाका लागि र अभिमुखीकरण कार्यक्रमहरु संचालन गर्नुपर्ने टड्कारो आवश्यकता रहेको छ। त्यस्ता कार्यक्रमहरु सञ्चालन गर्न सकिएको खण्डमा तिनको मौलिकता, सम्वेदनशीलता र बिशिष्टतालाई जोगाई बिगतको श्रृजनशिल प्रतिभालाई भविष्यका पिंढीमा हस्तान्तरण गर्न सकिन्छ ।

सम्पदाहरुको संरक्षणका लागि व्यबस्था गरिएका परम्परागत सार्वजनिक एवं निजी गुठीहरु संचालन परिपाटीमा सरकारी नीति समेत परिवर्तन भईसकेको परिप्रेक्षमा तिनको संरक्षण एवं सम्वर्द्धनमा लागु गरिएको व्यबस्थाबाट आशातित प्रतिफल प्राप्त हुन नसकेको विदितै छ। फलस्वरुप भौतिक सम्पदा एवं

अभौतिक सम्पदाको संरक्षणमा कमी आएको देखिन्छ । तसर्थ यस्ता सम्पदाहरुको संरक्षणमा नयाँ सोच र जाँगर उत्पन्न गराउनु बिशेष आवश्यक रहेको छ ।

सांस्कृतिक सम्पदाहरुको संरक्षण एवं सम्वर्द्धनका लागि पुरातत्व विभागले अन्वेषण एवं उत्खनन गरी तिनको जानकारी गराउन प्रकाशनका कार्यहरु गर्दै आएको छ । प्रकाशनका माध्यमबाट नेपाली सम्पदाहरुको महत्वका बारेमा जनतालाई जानकारी गराउनका साथै तिनको सीप, प्रविधि र शैलीका बारेमा बिदेशी नागरिकहरुलाई समेत जानकारी गर्ने कार्य भईरहेको छ ।

हालसम्म नेपाल अधिराज्यभर छरिएर रहेका ७२ जिल्लाका साँस्कृतिक सम्पदाहरुको प्रारम्भिक बिवरण प्रतिवेदन प्रकाशित गरी सकिएको छ । यस कार्यबाट स्थानीय मानिसहरुमा सम्पदा प्रतिको चेतना अभिबृद्धि गर्ने महत्वपूर्ण उपलब्धि हासिल भएको छ । बिभिन्न जिल्लाहरुबाट मूर्त एवं अमूर्त सम्पदाहरुको संरक्षणमा प्राप्त हुने निवेदनहरु उल्लेखित कार्य कै उपलब्धि हुन् । तसर्थ सांस्कृतिक सम्पदाहरुको बिश्लेषणात्मक बिवरण तयार गरी तिनको बोध जनसमक्ष गराउन खाँचो भईसकेको छ । यस उद्देश्य परिपूर्तिका लागि पुरातत्व विभागको कार्य क्षेत्रलाई अभिवृद्धि गरी पाँच विकास क्षेत्रमा एक एक वटा निर्देशनालय स्थापना गर्नुपर्ने देखिन्छ । यस कार्यबाट क्षेत्रीय विकासको अवधारणालाई पनि यस क्षेत्रबाट महत्वपूर्ण योगदान पुग्दछ ।

व्यापक जिम्मेवारी रहेको विभागको हालको स्थितिलाई मध्यनजर गर्दा सो को समाधान गर्न नयाँ सोच र जाँगरको आवश्यकता रहेको परिप्रेक्ष्यमा मूर्त एवं अमूर्त सम्पदाहरुको संरक्षण एवं सम्वर्द्धनका लागि साधन र श्रोत जुटाउन जिल्ला विकास समितिको समन्वयमा एउटा समन्वय समिति हुनु नितान्त आवश्यक देखिन्छ । यस्ता समितिहरुको माध्यमबाट स्थानीय निकायको आर्थिक श्रोत, जनसहभागिता परिचालन एवं श्री ५ को सरकारको श्रोत समेत समावेश गरी उचित परिचालन गर्न सकिने र सम्पदाहरुको उचित संरक्षण भई लगानीको प्रतिफल जनतासम्म पुग्ने स्पष्ट देखिन्छ । फलस्वरुप पुरातत्व विभागको सम्पदा संरक्षणको दायित्व कम हुने र विभागले आफ्नो जनशक्ति खोज एवं अनुसन्धान कार्यमा संलग्न गराई नेपाली सांस्कृतिक सम्पदाका बारेमा विश्व समुदायबीच थप जानकारी गराउन सवल एवं सक्षम हुन सक्नेछ ।

तसर्थ यस आ.व. देखि विभागद्धारा गरिने जीर्णोद्धार कार्यक्रममा रकम रु.४०,००,०००।- स्थानीय निकाय एवं उपभोक्ता समिति मार्फत गराउने गरी विनियोजित गरिएकोमा ९५% प्रगति हासिल गर्न सफल भएको थियो । साथै जीर्णोद्धार एवं संरक्षण कार्य गराउँदा केही कार्यक्रमहरु संचालनमा सामान्य बाधाहरु देखिए तापनि अन्तिम प्रगति पूर्णतया सफलता मिलेको थियो । तसर्थ यस आ.व.को अनुभवबाट जनसहभागितालाई आगामी कार्यक्रममा बिशेष जोड दिई समावेश गर्नुपर्ने देखिन्छ ।

संरक्षण, सम्वर्द्धन एवं जीर्णोद्धार कार्यका लागि तिनवटा कार्यक्रमहरु संचालन गरेको छ । जो निम्न अनुसार छन् :-

| सि.नं | आयोजना परियोजना | बजेट शीर्षक नं | रकम रु.हजारमा |
|---|---|---|---|
| १. | पुरातात्विक स्थल संरक्षण तथा सुधार आयोजना | ५६० | २२५५०० |
| २. | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | ५६७ | ८९०० |
| ३. | गोरखा दरवार क्षेत्र संरक्षण परियोजना | ५६८ | ७५०० |

## पुरातात्विक स्थल संरक्षण तथा सुधार आयोजना :

यो आयोजना अन्तर्गत पूर्व मेचीदेखि पश्चिम महाकाली सम्मका स्मारकहरुको संरक्षण एवं सम्वर्द्धनका कार्यहरु, पुरातात्विक स्थलहरुको अन्वेषण एवं उत्खनन, प्रकाशन एवं प्रचार प्रसार र विभागको सुदृढीकरण कार्य समेत समावेश गरिएको छ । यस कार्यक्रम अन्तर्गत सम्पदाहरुको संरक्षणमा क्षेत्रीय सन्तुलन कायम गर्ने उद्देश्यले सम्पदाहरुको महत्वका आधारमा पाँचै विकास

क्षेत्रमा कार्यक्रमहरु समावेश गरिएका थिए । सम्पदाहरुको महत्व एवं ऐतिहासिक र पुरातात्विक दृष्टिले मध्यमाञ्चल क्षेत्रका सम्पदाहरुको संरक्षणमा बिशेष जोड दिएको थियो । यस आयोजना अन्तर्गत संचालित कार्यक्रमहरुको प्रगति ९७% प्रतिशत हासिल भएको थियो । क्षेत्रगत बिभाजन वार्षिक बजेट, लक्ष्य परिमाण र प्रगति बिवरण यस प्रकार रहेको छ :-

| क्र.स. | कार्य विवरण | वार्षिक बजेट रु. हजारमा | लक्ष्य परिमाण | प्रगति परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १. | केन्द्रीय स्तर (काठमाडौं उपत्यका) विभागको गतिविधि सहितको ३ अंक प्राचीन नेपाल र सांस्कृतिक सर्भेक्षण लगत प्रतिवेदन प्रकाशित गर्ने | २५० | १००% | १००% | |
| २. | नेपाल अधिराज्यको संस्कृति झल्काउने भित्ते पात्रो छाप्ने कार्य | १७५ | १००% | १००% | |
| ३. | वार्षिक जीर्णोद्धार कार्यक्रमकोलागि फोटोग्राफी सामान छाप्ने कागज, फिल्म B/W रंगीन स्लाइड व्याट्री एल्वम, फिक्सर आदि खरिद गर्ने | २०० | १००% | १००% | |
| ४. | पिजन होल ऱ्याक निर्माण गर्ने | ३० | १००% | १००% | |
| ५. | स्ट्यागहलमा राखिएका हस्त लिखित ग्रन्थ र अभिलेखहरु २७ प्रतिशत संरक्षण गर्ने | १०० | १००% | १००% | |
| ६. | कुमारी चोकस्थित ऐतिहासिक कागज पत्र अभिलेखालय भवनमा ल्याई संरक्षण गर्ने | २२५ | १००% | १००% | |
| ७. | रा.अ.मा रहेको तिबेतीयन ग्रन्थहरुको सूचीकरण गर्ने | १५० | १००% | १००% | २८०० मध्ये १४०० ग्रन्थहरु सूचीकरण गर्ने |
| ८. | रा.स. छाउनीमा फिलाटेलिक कक्ष खोल्न एवं टिकट खरीद गर्ने | १५० | १००% | १००% | |
| ९. | रा.स छाउनीमा लघु रसायनशाला तयार गर्ने | १०७ | १००% | १००% | |
| १०. | रा.स छाउनीको परिचयात्मक पुस्तिका छाप्ने | १५० | १००% | १००% | |
| ११. | विभिन्न माध्यमबाट प्राप्त वहुमूल्य मूर्तिहरु व्यवस्थित तवरले राख्न संग्रहालय भित्र भण्डार घर निर्माण गर्ने (प्रथम चरण) | ५०० | १००% | १००% | |
| १२. | रा.स छाउनीको विस्तृत लेआउट प्लान गुरुयोजना तयार गर्ने | ८० | १००% | १००% | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३. | रा.मुद्रा संग्रहालयको अंग्रेजीमा ब्रोसियर छाप्ने | ५० | १००% | १००% | |
| १४. | रा.मुद्रा संग्रहालयमा मुद्रा खरीद गर्ने एवं लेवल व्यवस्थित गर्ने | ७५ | १००% | १००% | |
| १५. | के.रा.स.स प्रयोगशालामा विभागवाट गरिने रसायन संरक्षण कार्यको लागि आवश्यक रसायन खरीद गर्ने | ३५० | १००% | १००% | |
| १६. | भ.पु सग्रहालयमा भएको पौवा, धातु, काष्ठ मूर्तिहरु संरक्षण गर्ने स्थायीखट व्यवस्थापनको लागि थप पाइप तथा फल्याक खरीद गर्ने | ७५ | १०० % | १०० % | |
| १७. | रा.अभिलेखालय पछाडि रहेको स्ट्यागहलको छाना माथि सेड राखी संरक्षण गर्ने | ११०४ | १००% | १००% | |
| १८. | अदालतवाट प्राप्त पुरातात्विक वस्तुहरुको वैज्ञानिक ढ्ङगबाट फोटोग्राफी डकुमेन्टेशन र इन्डेक्स तयार गर्ने | २५ | १००% | १००% | |
| १९. | क्यूरियो जांचपास शाखाको व्यवस्थापन सुधार गर्ने | २५ | १०० % | १०० % | |

**(क) पूर्वाञ्चल**

| | | | | | |
|---|---|---|---|---|---|
| १. | क्षे.सग्रहालय धनकुटामा संग्रहित वस्तुहरुको फोटोग्राफी रेकर्ड सहित लागत राख्ने | ३० | १००% | १००% | |
| २. | वान्तवा राई जातिको सांस्कृतिक सामाग्री संकलन कार्य प्रारम्भ गर्ने | १०० | १०० % | १०० % | |
| ३. | संग्रहालयको प्रवेशद्धार निर्माण तथा वातावरण सुधार कार्य गर्ने | ७३ | १०० % | १०० % | |
| ४. | झापा जिल्ला स्थित कीचकवधको उत्खनन् कार्य तथा प्रतिवेदन प्रकाशित गर्ने | ४०० | १०० % | १०० % | |
| ५. | धनकुटा जिल्ला छिन्ताङ् गा.वि.स स्थित जाल्पादेवीको संरक्षण तथा सम्वर्द्धन गर्ने | २०० | १०० % | १०० % | अनुदान दिइएको |
| ६. | देवी मन्दिर जीर्णोद्धार, गोलधाप झापा | १०० | १०० % | १०० % | |

**(ख) मध्यमाञ्चल**

| | | | | | |
|---|---|---|---|---|---|
| १. | थैव स्थित गणेश मन्दिर जीर्णोद्धार गर्ने अनुदान दिने | ७०० | १००% | १००% | दोश्रो किस्ता सम्म उपलब्ध |
| २. | का.म.न.पा वडा नं १५ विष्णुमती (शोभा भगवती) घाटसंगै रहेको पर्खालको मूर्ति संरक्षण गर्ने | २०० | १००% | १००% | |
| ३. | का.म.न.पा वडा नं १ स्थित नक्साल भगवती वहालको परिसर सुधार लगायत विस्तृत कार्य योजना तयार गर्ने | १०० | १००% | १००% | |
| ४. | राष्ट्रिय कला संग्रहालय भ.पु को संग्रहालय परिचयात्मक पुस्तिका २००० छपाई गर्ने | ९० | १००% | १००% | |
| ५. | धातुकला र काष्ठकलाका भवनहरुमा विद्युत सुदृढीकरण गर्ने | १२५ | १००% | १००% | |
| ६. | धातुकला संग्रहालयको लागि १४ थान अग्निशमन सिलिण्डर खरीद गर्ने | ८० | १००% | १००% | |
| ७. | भ.पु.न.पा वडा नं ८ चासुखेल स्थित चण्डेश्वरी मन्दिर जनसहभागिताको माध्यमवाट जीर्णोद्धार गर्ने | २५० | १००% | १००% | जनसहभागिताबाट कार्य भएको |
| ८. | भ.पु वागीश्वरी स्थित गणेश मन्दिर जीर्णोद्धार गर्ने | ७५ | १००% | १००% | |
| ९. | भ.पु चरखण्डी स्थित पाटी जीर्णोद्धार | २२३ | १००% | १००% | |
| १०. | भ.पु ज्योतिलिङ्गेश्वर महादेव मन्दिरको वातावरण सुधार कार्य | १५० | १००% | १००% | |
| ११. | भ.पु नगदेश स्थित सिद्धिगणेश द्यो छें जीर्णोद्धार कार्य | ३०० | १००% | १००% | अनुदान दिइएको |
| १२. | ल.पु इखालखु स्थित नारायण मन्दिर जीर्णोद्धार गर्ने | ६१० | १००% | १००% | |
| १३. | ल.पु त्यागलटोल स्थित गणेश मन्दिर जीर्णोद्धार गर्ने | ७०० | १००% | १००% | |
| १४. | ल.पु ठेचो स्थित बालकुमारी सत्तलको बाकी जीर्णोद्धार कार्य | ८०० | १००% | १००% | अनुदान दिइएको |
| १५. | नुवाकोट दरबार हातामा रहेको गारत घरको दोस्रो तल्लाको भूई तथा भित्ता मर्मत कार्य | ४८७ | १००% | १००% | |
| १६. | सात तल्ले दरबारको कार्नेस तथा पश्चिम पट्टीको पर्खाल संरक्षण गर्ने | ३७५ | १००% | १००% | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७. | सेतीदेवी गा.वि.स स्थित मन्दिर जीर्णोद्धार गर्ने | ४०० | १००% | १००% | |
| १८. | बोडे स्थित जिब्रो छेड्ने दोश्रो पाटी संरक्षण गर्ने | १०० | १००% | १००% | अनुदान दिइएको |
| १९. | नील सरस्वती मन्दिरको वातावरण सुधार गर्ने | ५० | १००% | १००% | |
| २०. | नील सरस्वती मन्दिर स्थित वर पिपल चौतारा संरक्षण | ९६ | १००% | १००% | |
| २१. | नील सरस्वती मन्दिर स्थित सिंढी मर्मत कार्य | ९५ | १००% | १००% | |
| २२. | परम्परागत नाच तथा जात्राहरुको ऐतिहासिक विवरण समेतको श्रव्य दृश्य तयार गर्ने | ५० | १००% | १००% | |
| २३. | का.म.न.पा हाडिगाँउ सत्यनारायण मन्दिरसंगै रहेको पुरातात्विक क्षेत्रलाई संरक्षण गर्ने पर्खाल लगाउने | ४४३ | १००% | १००% | |
| २४. | भ.पु दधिकोट स्थित अनन्तलिङ्गेश्वर मन्दिरको वातावरण सुधार | २०० | १००% | १००% | |
| २५. | विभाग तथा संग्रहालयहरुको प्रशासनिक कार्य दक्षता वृद्धिको लागि ४ कम्प्युटर खरीद गर्ने | २०० | १००% | १००% | |
| २६. | नाला भगवती मन्दिर स्थित पाटी जीर्णोद्धार गर्ने | ६५० | १००% | १००% | |
| २७. | नगरकोट स्थित महादेव पोखरी जीर्णोद्धार गर्ने | ५० | १००% | १००% | |
| २८. | मैतीदेवी मन्दिर जीर्णोद्धार कार्यको बाँकी रकम भुक्तानी दिने | ८०० | १००% | १००% | |
| २९. | छरिएर रहेको शिलालेखहरुको संरक्षण गर्ने | ७५ | १००% | १००% | |
| ३०. | विभागमा खानेपानी जडानको लागि पाईप खरीद तथा अन्य व्यवस्था | २५ | १००% | १००% | |
| ३१. | इन्द्रायणी माई मन्दिर इन्द्रायणी गा.वि.स, काठमाडौं | १९२ | १००% | १००% | |
| ३२. | दक्षिणबाराही मन्दिरको पाटी जीर्णोद्धार गर्ने भ.पु | ४१८ | १००% | १००% | |
| ३३. | केदारेश्वर महादेव स्थित जग्गनाथ स्तम्भ तथा पाटी जीर्णोद्धार गर्ने, दोलखा | १०० | १००% | १००% | |
| ३४. | अधिराज्य भरिका पुरातात्विक सम्पदाको आपतकालीन संरक्षण गर्ने | २८५ | १००% | १००% | |

**(ग) पश्चिमाञ्चल**

| | | | | | |
|---|---|---|---|---|---|
| १. | नवलपरासी जिल्ला स्थित रामग्रामको उत्खनन कार्य तथा प्रतिवेदन प्रकाशन गर्ने | ६०० | १००% | १००% | |
| २. | क्षे.सग्रहालय पोखराकोलागि प्रदर्शन सामाग्री संकलन, खरीद तथा वातावरण सुधार | १०० | १००% | १००% | |
| ३. | पर्वत स्थित पूर्णेश्वर मन्दिरको पाटी जीर्णोद्धार गर्ने | २०० | १००% | १००% | अनुदान दिइएको |
| ४. | कपिलवस्तु संग्रहालय भवनको छाना मर्मत तथा का.प्र.क्वाटरको माथिल्लो तल्लाको बाँकी कार्य पूरा गर्ने | १०० | १००% | १००% | |
| ५. | मुस्ताङ जिल्ला स्थित प्रसिद्ध तीर्थस्थल मुक्तिनाथ मन्दिर क्षेत्रको मुक्ति नाथ मन्दिरको गाह्रो मर्मत तथा वातावरण सुधार | ६०० | १००% | १००% | |
| ६. | स्याञ्जा गोरुजुरेको मन्दिर तथा वातावरण संरक्षण गर्ने | ४६० | १००% | १००% | अनुदान दिइएको |
| ७. | पाल्पा जिल्ला तानसेन न.पा.स्थित शिव मन्दिर जीर्णोद्धार कार्य | ६०३ | १००% | १००% | |
| ८. | कपिलवस्तु जिल्ला पटना गा.वि.स स्थित भगवती मन्दिर संरक्षण | २०० | १००% | १००% | |
| ९. | कास्कीकोट गुप्तकालिका मन्दिर संरक्षण तथा प्रागंणमा रहेको भैरव मन्दिर संरक्षणका लागि टेवा पर्खाल | ६२४ | १००% | १००% | अनुदान दिइएको |
| १०. | वाग्लुङ जिल्ला गल्कोटस्थित मन्दिर तथा मूर्ति संरक्षण कार्य | २०० | १००% | १००% | अनुदान दिइएको |
| ११. | लमजुङ्ग दरबार स्थित कालिका मन्दिरको छाना मर्मत कार्य | १०० | १००% | १००% | |

**(घ) मध्य पश्चिमाञ्चल**

| | | | | | |
|---|---|---|---|---|---|
| १. | सुर्खेत स्थित क्षे.संग्रहालयको छाना मर्मत एवं वातावरण सुधार गर्ने तथा विद्युत मर्मत कार्य | २५० | १००% | १००% | |
| २. | राउटे जातिको २ वटा मोडेल तयार गर्ने | १०० | १००% | १००% | |
| ३. | सुर्खेत लाटीकोइली गा.वि.स स्थित काके विहार संरक्षण गर्ने | १५०० | १००% | १००% | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | मुगु जिल्ला स्थित रारा गाउँको मुर्मामा रहेको महादेव र मष्टा देवताको मन्दिर जीर्णोद्धार | ५०० | १००% | १००% | |

### (ङ) सुदूर पश्चिमाञ्चल

| | | | | | |
|---|---|---|---|---|---|
| १. | वाजुरा जिल्लाको वुढीनन्दा मन्दिर संरक्षण कार्यको लागि अनुदान दिने | ८० | १००% | १००% | अनुदान दिइएको |

## विश्व सम्पदा संरक्षण सुधार आयोजना

यस योजना अर्न्तगत काठमाडौं उपत्यका भित्रको विश्व सम्पदा सूचीमा परेका संरक्षित स्मारक क्षेत्रभित्रका (हनुमानढोका, ललितपुर, भक्तपुर दरबार क्षेत्रहरु, स्वयम्भु, चांगु र बौद्ध) स्मारकहरुको संरक्षण, सम्वर्द्धन तथा वातावरण सुधारका कार्यहरु निम्न बमोजिम समावेश गरिएका छन् ।

| | | | | | |
|---|---|---|---|---|---|
| १. | अनियमित तवरले निर्मित घरहरुको सच्याउन सकिने र भत्काउनै पर्ने कुराहरुको विवरण तयार गर्ने | ४०० | १००% | १००% | |
| २. | संरक्षित स्मारक क्षेत्रका घरहरुको सडक मोहडा नक्सा तयार गर्ने | ४०० | १००% | १००% | |
| ३. | विश्व सम्पदा सम्वन्धी प्रचार प्रसार गर्ने | ५०० | १००% | १००% | |
| ४. | विश्व सम्पदा संरक्षण कार्यको प्रगति प्रतिवेदन तयार गरी यूनेस्को लगायत अन्य निकायहरुमा नियमित रुपले पठाउने | १०० | १००% | | प्रगती तयार गरी पठाइएको |
| ५. | संरक्षित स्मारक क्षेत्रहरु भित्र मापदण्ड अनुरुप घर निर्माण सुधार गर्ने घरधनीहरुलाई आर्थिक सहायता दिने | ५०० | १००% | | निवेदन नपरेको |
| ६. | संरक्षित स्मारक क्षेत्रहरु भित्र आकस्मिक रुपमा आइपर्ने आपतकालीन संरक्षण कार्य गर्ने | ५०० | १००% | १००% | |
| ७. | स्वयम्भू वसपार्कनिर क्यूरियो पसलहरुको व्यवस्थापनको लागि आवश्यक कार्य गर्ने टेवा पर्खाल दिने | ४१० | १००% | १००% | |
| ८. | पाटन दरबारको दक्षिण पूर्वीलङ्ग जीर्णोद्धार कार्य गर्ने | १००० | १००% | १००% | |
| ९. | ५५ झ्याले दरबार जीर्णोद्धारको लागि भ.पु.न.पा लाई अनुदान दिने | २७०० | १००% | १००% | |
| १०. | पाटन देगुतलेजु मन्दिरको छाना जीर्णोद्धार गर्ने | १००० | १००% | १००% | ललितपुर उपमहानगर पालिकालाई रकम उपलब्ध गराइएको |

| | | | | |
|---|---|---|---|---|
| ११. | चांगुनारायण प्रागंणको अमात्य सत्तल जीर्णोद्धार गर्ने | ४००० | १००% | १००% |
| १२. | पनौती संरक्षित स्मारक क्षेत्र भित्रका स्मारकहरु परम्परागत शैलीका निजी घरहरु समेतको विस्तृत लगत तयार गर्ने | २५० | १००% | १००% |

## गोरखा दरबार क्षेत्र संरक्षण परियोजना

| | | | | |
|---|---|---|---|---|
| १. | पृथ्वी संग्रहालय विकास | | | |
| | क) सामाग्री संकलन फोटो र चार्ट तयार गर्ने | १६० | १००% | १००% |
| | ख) १० वटा सोकेश ३० वटा प्यानल बोर्ड पेडेष्टल तथा ब्लक बनाउने र दर्शकहरुलाई बेन्च बनाउने । | ३३५ | १००% | १००% |
| | ग) प्रदर्शनीको लागि प्रदर्शन कक्षमा वनाईने कोठाहरुको भूई भित्ता सिलिङ्ग झ्याल ढोका मर्मत, रङरोगन गर्ने फर्निसिङ समेत गर्ने | ३८७ | १००% | १००% |
| | घ) प्रदर्शनी कक्षमा विद्युत जडान खर्च | १०१ | १००% | १००% |
| | ङ) इतिहासकार संग्रहालयविद् तथा अंग्रेजी अनुवादकको पारिश्रमिकमा लाग्ने रकम | १५० | १००% | १००% |
| | च) संग्रहालयको टिकट विक्रीकक्ष निर्माण गर्ने | १५० | १००% | १००% |
| | छ) संग्रहालयमा आउने दर्शकहरुलाई शौचालय निर्माण | २०० | १००% | १००% |
| २. | पृथ्वी पार्कको पूर्वी भागमा | | | |
| | क) विद्युतीकरण | ६०० | १००% | १००% |
| | ख) चमेनागृह र सार्वजनिक शौचालय वनाउने | ३४५ | १००% | १००% |
| | ग) विश्राम स्थल २ वटा निर्माण गर्ने | १८५ | १००% | १००% |
| | घ) बाल उद्यान निर्माण गर्ने | १०० | १००% | १००% |
| | ङ) पार्कको ठाउँ ठाउँमा वस्ने वेन्चहरु निर्माण गर्ने | १०० | १००% | १००% |
| | च) पृथ्वीपार्क पूर्वपट्टी रहेको इनारबाट पानी तान्ने व्यवस्था मिलाउने | १८ | १००% | १००% |
| | छ) पृथ्वी पार्कको चकन चौतारे मर्मत गर्ने | ६५ | १००% | १००% |
| ३. | ठूलो आँगन अगाडि अधिकरण गरिएको ठाउँमा एकतल्ले पसल र गेट निर्माण सुधार गर्ने | ७०० | १००% | १००% |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | संग्रहालय सुरक्षाको लागि खटिने सैनिकहरुको लागि भान्छा, शौचालय र बिजुलीको व्यवस्था गर्ने | ६०० | १००% | १००% | |
| ५. | वंशावली डवलीमा श्री ५ वडामहाराजाधिराज पृथ्वी नारायण शाह सम्मको वंशावली र जीवनी शिलालेख बनाई जडान गर्ने कार्य | १५० | १००% | १००% | |
| ६. | पृथ्वी पार्कमा फूल विरुवा स्याहार गर्ने | ३५० | १००% | १००% | |
| ७. | अनुशरण कार्य | ३०० | १००% | १००% | |
| ८. | रानीपोखरीको सुख्खा गाह्रो मर्मत गर्ने | ६२ | १००% | १००% | |
| ९. | तल्लो दरवारको कौसीको पानीलाई व्यवस्थित गरी निकासको व्यवस्था मिलाउने | १०० | १००% | १००% | |
| १०. | ठूलो आँगनको पसल, घर नजिक वातावरण सुधार तथा गाडी पार्किङ्गको व्यवस्था गर्ने | १०० | १००% | १००% | |
| ११. | सुरक्षाकर्मीको लागि वनाइएको भान्छाघर अगाडि ढुङ्गा छाप्ने कार्य | १०० | १००% | १००% | |
| १२. | दरवारको उत्तरतर्फमा दक्षिणतर्फ जस्तै ढुङ्गा छाप्ने कार्य | १०० | १००% | १००% | |
| १३. | ट्रान्सफर्मर नजिक प्रोटेक्सनवाल लगाई गरा सुधार गर्ने कार्य | १०० | १००% | १००% | |
| १४. | रानीवनलाई तारवारले घेर्ने कार्य | १०० | १००% | १००% | |
| १५. | संग्रहालयको लागि खटिने सुरक्षाकर्मीको लागि पानीको व्यवस्था तथा पार्कमा भएको शौचालय मर्मत गर्ने | २०० | १००% | १००% | |
| १६. | भीमसेन मन्दिर छाना मर्मत कार्य | २५० | १००% | १००% | |
| १७. | श्री विद्या मन्दिर जीर्णोद्धार कार्य | १६७ | १००% | १००% | |
| १८. | जर्नेली धारा र रानीवनको ढुङ्गेधारा मर्मत कार्य | १५५ | १००% | १००% | |
| १९. | माथिल्लो दरवारबाट प्राप्त ठूलो घण्टालाई जडान गर्ने कार्य | ३३ | १००% | १००% | |

## धार्मिक नाच तथा जात्रा पर्व

उल्लेखित सम्पदा संरक्षण, उत्खनन् र प्रकाशनका कार्यहरु बाहेक अमूर्त सम्पदाहरु संरक्षण गरी लोप हुनबाट जोगाउने कार्यमा समेत यस विभागले महत्वपूर्ण योगदान पुऱ्याएको छ। यति हुंदाहुदैं पनि काठमाडौं महानगरपालिका स्थित हनुमानढोकामा प्रदर्शित गरिने एकमात्र दैत्यनाच रकमको न्यूनताले लोप भैसकेको छ । चालु आ.व.०६०।६१ मा निम्न बमोजिमका नाचहरुलाई निम्न बमोजिम आर्थिक अनुदान उपलब्ध गराईएको थियो ।

| क्र.सं | नाच तथा जात्रा | | नाइके (सञ्चालक) | अनुदान रकम |
|---|---|---|---|---|
| १. | महाकाली नाच | (भक्तपुर) | दान वहादुर फैजु | रू. ७,९८६/- |
| २. | " " | " | सुनिल राज दैवज्ञ | रू. १०,६४८/- |
| ३. | " " | " | रामचन्द्र खर्वुजा | रू. ७,९८६/- |
| ४. | " " | " | लक्ष्मीभक्त मुस्याज्यु | रू. ७,९८६/- |
| ५. | " " | " | रत्नलाल डण्डेख्या | रू. ७,९८६/- |
| ६. | " " | " | रामप्रसाद लोहला | रू. ७,९८६/- |
| ७. | रामचन्द्र नाँच | (भक्तपुर) | रत्नलाल डण्डेख्या | रू. ७,९८६/- |
| ८. | दश अवतार नाच | (त्रिपुरेश्वर) | दिपक श्रेष्ठ | रू. ११,९७९/- |
| ९. | सवोभक्कु | (हलचोक) | माइला पुतुवार | रू. ६,६५५/- |
| १०. | माघ जात्रा | (वटुटोल) | शालीग्राम तण्डुकार | रू. ५,३२४/- |
| ११. | हात्ती नाच | (किलागल) | तुल्सी नारायण महर्जन | रू. ३,३२७.५०/- |
| १२. | गाउने ढाडी | (यट्खा) | सूर्यमान महर्जन | रू. १९९६/- |
| १३. | कार्तिक नाच | (ललितपुर) | हरिमान श्रेष्ठ | रू. ४१,२६१/- |
| १४. | अष्टमातृका नाच | (ललितपुर) | भाजुरत्न शाक्य | रू. ३०,२५०/- |
| १५. | भीमसेन खट जात्रा | (ललितपुर) | मंगलटोल सुधार संघ | रू. ३,९९३/- |
| १६. | कृष्ण पूजा | (ललितपुर) | कृष्णपूजा सञ्चालक समिति | रू. ३,९९३/- |
| १७. | न्यकु मतयाः जात्रा | (ललितपुर) | न्यकु मतया जात्रा व्यवस्था | रू. ११,९६५/- |
| १८. | दक्षिणकाली फर्पिङ्ग<br>स्थित कार्तिक नाच | (फर्पिङ्ग) | नारायण वलामी | रू. १०,५००/- |
| १९. | निरञ्जना भगवती पूजा | (नुवाकोट) | परशुराम पाध्या (पुजारी)<br>(हाल वासुदेव कँडुवाल) | रू. ६,०००/- |
| २०. | लाखे नाच | (मजिपाट) | लक्ष्मणराम रन्जित | रू. ६,६५५/- |

**२०६०/०६१ मा प्राप्त निवेदन अनुसार स्थलगत निरीक्षण गर्न प्राविधिकहरु खटाएका क्षेत्रहरु :-**

१. का.जि थानकोट महादेव गा.वि.स वडा नं १,२ का विभिन्न स्मारकहरुको स्थलगत निरीक्षण गरी प्रतिवेदन तयार पारेको ।

२. का.जि वडा नं ३३ डिल्लीवजार स्थित सल्यानी राजाको दरबारको संरक्षणका लागि स्थलगत निरीक्षण गरी प्रतिवेदन तयार पारिएको ।

३. का.जि थापाथलीस्थित सेतो दरबार भत्काउन लागेको र सो कार्य रोक्का गरी संरक्षण गर्न निवेदन प्राप्त भएकोले सो को प्राविधिकद्धारा प्रतिवेदन तयार पारिएको ।

४. का.जि पुतलीसडक स्थित ल्वह हिटी मार्गमा रहेको ढुङगेधारा अतिक्रमण भयो भनी निवेदन प्राप्त भएको र सो को प्राविधिकबाट स्थलगत निरीक्षण गरी प्रतिवेदन दिएको ।

५. पाल्पा तथा गुल्मी स्थित रुरु क्षेत्रमा रहेका स्मारकहरुको स्थलगत निरीक्षण गरी प्रतिवेदन तयार पारिएको ।

६. का.जि वडा नं २४ वटु टोलको जीर्णोद्धार महाविहारको क्वापा द्यो छेंलाई अनाधिकत रुपले भत्काई कंक्रिट भवन निर्माण गर्न लागेकोले सो सम्वन्धी प्राविधिकवाट स्थलगत निरीक्षण गरी प्रतिवेदन तयार पारिएको ।

७. का.म.न.पा वडा नं १२ वडा कार्यालयवाट का.जि मुसुबहाल स्थित वाह्र बर्षे इनारसंगै रहेको प्राचीन महाकाल मन्दिर जीर्णोद्धारका लागि राय सुझाव र स्वीकृति माग भई आएकोले सो को प्राविधिकबाट स्थलगत निरीक्षण गरी प्रतिवेदन तथा ल.ई. तयार गरी पठाईएको ।

८. धुलिखेल नगरपालिका कार्यालयबाट त्यस नगरपालिका वडा नं ४ स्थित भगवती मन्दिरको प्राङ्गणमा रहेको ढुङ्गाको प्रस्तर टुक्रा भई जोड्ने प्राविधिक माग भई आएकोले सो को संरक्षणका लागि रसायनविद् खटाईएको ।

९. का.जि वडा नं ३५ कोटेश्वर स्थित कोटेश्वर महादेव मन्दिर परिसरमा आधुनिक पाटी निर्माण गर्न लागेकोले सो को प्राविधिकद्धारा स्थलगत निरीक्षण गरी प्रतिवेदन तयार पारिएको ।

१०. का.जि म्ह्येपि स्थित अजिमा मन्दिरमा भू-क्षय भई पाटी भत्केको भनी निवेदन प्राप्त हुन आएकोले सो को प्राविधिकवाट स्थलगत निरीक्षण गरी प्रतिवेदन तयार गरेको ।

११. काठमाडौं महानगरपालिका वडा नं १८ मा रहेको नरदेवी स्थित कयेटाहिटी मार्गमा रहेको ढुङ्गेधाराको स्थलगत निरीक्षण गरी प्रतिवेदन तयार गरिएको ।

## निष्कर्ष:

विभागको सम्पदा संरक्षण कार्यको व्यापक क्षेत्र र गहन जिम्मेवारीका साथसाथै बैज्ञानिक उत्खनन् गरी प्राचीनतम् इतिहास उजागर गर्ने एकमात्र आधिकारिक विभागको रुपमा रहेको यस विभागले रामग्रामको प्रामाणिक इतिहास पत्ता लगाउन छैठो चरणको उत्खनन् कार्य गरी प्रारम्भिक प्रतिवेदन प्रकाशित गरिसकेको छ । साथै मध्यपश्चिमाञ्चल क्षेत्रको सुर्खेत जिल्लाको लाटीकोइली गा.वि.स. स्थित सो क्षेत्रको बिशिष्ट वास्तु संरचनाको नमूनाका बारेमा यथास्थिति पत्ता लगाइ पुन: निर्माणका लागि र पूर्वाञ्चल क्षेत्रको झापा जिल्ला स्थित पूर्वाञ्चल क्षेत्रकै प्राचीनतम इतिहास बोकेको कीचकवधको उत्खनन कार्यक्रम समावेश गरिएको थियो । यी क्षेत्रमा गरिएका उत्खनन् कार्यक्रमहरुबाट वास्तु संरचना र ऐतिहासिकता सम्बन्धमा महत्वपूर्ण उपलब्धि भएका छन् ।

वार्षिक योजना कार्यक्रममा समावेश नभएका तर तत्काल जीर्णोद्धार गर्नुपर्ने कार्यक्रम अन्तर्गत २०६०/६१ आ.व.मा निम्न लिखित सम्पदाहरुको जीर्णोद्धार गरिएको थियो ।

१. बुढानीलकण्ठ चपली स्थित चर्तुव्यूह नारायण मन्दिर संरक्षण ।

२. धनकुटा वडा नं. ५ टुडिखेल स्थित गोकुण्डेश्वर मन्दिर संरक्षण ।

३. प्यूठान जिल्ला इप्नाकोट भगवती मन्दिर स्थानमा पर्खाल र छाना संरक्षण ।

४. श्री ५ महाराजाधिराज सरकारको पश्चिमाञ्चल भ्रमणको शिलशिलामा स्मारक संरक्षण तथा दरवार हेरचाह कार्यालय लमजुङ्ग, कपिलवस्तु संग्रहालय र पोखरा संग्रहालयलाई पनि मर्मत सम्भारका लागि रकम उपलब्ध गराइएको ।

पुरातत्व विभागले गर्नुपर्ने खोज एवं अनुसन्धान र प्रकाशनका कार्य बाहेक १०० वर्ष नाघेका मूर्ति एवं काष्ठकला आदि सामाग्रीहरु निकासी हुनबाट प्रतिवन्ध गर्न र हस्तकलाका सामाग्रीहरु निकासी गरी हस्तकला उद्योगको वृद्धिका साथै राष्ट्रिय आयमा प्राप्त हुने विदेशी मुद्राको प्रभावलाई सुलभ गर्न यस आ.व.मा ३,५५,५५१ थान सामाग्रीहरु निकासीका लागि इजाजत दिने कार्य भएको थियो । तसर्थ पुरातत्व विभागले जीर्णोद्धार एवं कलाकृतिहरुको निकासी सम्बन्धी कार्य लगायत सम्पदा संरक्षण कार्यमा देखा परेका विविध समस्याहरु समेतको निराकरण गर्दै आएको छ । सम्पदा संरक्षणमा देखिएका संस्थागत एवं जनसरोकारका विषयहरुसँग सम्बद्ध भई कार्यक्रमहरु सञ्चालन गर्ने कार्य यस विभागले समन्वयात्मक रुपमा सञ्चालन गरिरहेको छ ।

विभागको बिस्तृत कार्यक्षेत्रका सन्दर्भमा देशभरी छरिएर रहेका स्मारकहरुको प्राचीन स्मारक संरक्षण ऐन २०१३ को अधिकारक्षेत्रभित्र रही विभागलाई प्राप्त हुने बजेटलाई स्मारकको प्राचीनता लगायत क्षेत्रीय सन्तुलनका दृष्टिलाई समेत मध्यनजर गरी जीर्णोद्धार कार्य गर्नु पर्ने हुँदा जीर्णोद्धार बजेट बिभाजन कार्य छरिएको जस्तो अनुभव प्रतित हुने भए पनि कुनै सम्पदा क्षेत्रको जीर्णोद्धारको कार्यमा विभागीय संलग्न भएपछि सालवसाली बजेट छुट्याई सो को सम्पन्न गर्ने गरिएको छ। तर यस परिपाटीलाई न्यूनीकरण गर्न सम्पदाहरुको संरक्षण कार्यमा राष्ट्रिय र क्षेत्रीय महत्वका स्मारकहरुलाई पुरातत्व विभागबाटै र स्थानीय महत्वका प्राचीन स्मारकहरुको संरक्षण कार्य स्थानीय निकायबाट गर्ने व्यवस्था मिलाउन जिल्ला स्थित सम्पदाहरुको प्रारम्भिक लगत लिने कार्य समाप्त भएकाले तिनको वर्गीकरण गर्ने कार्य यस विभागबाट थालनी भैसकेको छ। तर यस कार्यलाई थप प्रभावकारी बनाउन थप वैज्ञानिक लगत विवरण तयार गर्न आवश्यकता भएकाले आगामी आर्थिक वर्ष देखि प्राथमिकता आधारमा सञ्चालन गर्दै लैजान विभाग सक्रिय रहने छ ।

# ABOUT THE AUTHORS

| | | |
|---|---|---|
| Mr. Sukra Sagar Shrestha | - | Chief Archaeological Officer<br>Department of Archaeology |
| Mr. Bishnu Raj Karki | - | Chief Archaeological Officer,<br>Department of Archaeology |
| Mrs. Saraswati Singh | - | Museum Officer<br>Patan Durbar Maintenance and Supervision Office |
| Mr. Lok Nath Dulal | - | Lecturer, Culture Department<br>Padma Kanya Multiple College |
| Mrs. Jayanti Shrestha | - | Technical Assistant,<br>Department of Archaeology |

का.मे.अ.द.नं. ८/६८, हु.द.स.बा.अ.नं. २/०२३

"प्राचीन नेपाल" का निमित्त प्राग्-इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ।

रचना संक्षिप्त तर प्रमाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ। तर कुनै प्रकाशित विषयको सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ।

रचनासंग सम्बन्धित चित्रहरु पठाउन सकिनेछन्। रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ। प्रकाशित लेखहरुमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हुनेछ।

महानिर्देशक<br>
पुरातत्त्व विभाग<br>
रामशाहपथ<br>
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of art work are invited to **"Ancient Nepal".**

The contribution should be concise and well-documented and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the Editor of The Department of Archaeology.

Photographs and illustrations (Line drawing) may be sent. The typescript should be in double space and one side of the paper only sent to:

The Director General<br>
**Department of Archaeology**<br>
Ramshahpath<br>
Kathmandu, Nepal